जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं । वनजंगल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक २५५ • २०७९ साल माघ २५ गते बुधबार (8 February, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मधेश कृषि विश्वविद्यालयमा करोडौं भ्रष्टाचारको चलखेल

**टुडे समाचारदाता**

राजविराज। मधेश प्रदेश सरकारले सप्तरी जिल्लाको राजविराजमा स्थापना गरेको मधेश कृषि विश्वविद्यालयमा हुन लागेको झण्डै डेढ अर्बको ठेक्कामा व्यापक भ्रष्टाचारका लागि चलखेल सुरु भएको छ।

भवन निर्माण र प्रयोगशाला (ल्याब)का लागि उपकरण खरिद गर्न १ अर्ब ४९ करोड रकम विनियोजन गरिएको छ। भवन निर्माणको डीपीआर अन्तिम चरणमा पुगेको बताइएको छ । ल्याबका लागि चाहिने आवश्यक सामग्रीहरुको सूची तयार भइरहेको छ।

सामाजिक विकास मन्त्रालयमा चरम भ्रष्टाचार गरेकाले सो ठेक्कामा अनुकूलको स्पेसिफिकेशन डीपीआरमै राख्न चलखेल सुरु गरेका छन् । भवन निर्माणको डीपीआरमा नै एकजना ठेकेदारलाई अनुकूल हुनेगरी स्पेसिफिकेशन राख्न विश्वविद्यालयका उपकुलपतिमाथि दबाब दिन थालेको स्रोतले जनाएका छन् ।

उपकुलपति वैद्यनाथ महतोमाथि ईपीसी मोडेलमा खरिद प्रक्रियालाई अगाडि बढाउन दबाब दिन थालिएको स्रोतले जनाएका छन् ।

मधेश प्रदेश सरकारबाट बजेट सुनिश्चित भइसकेकाले ठेक्का प्रक्रियामा चलखेल सुरु भएको बताइएको छ । स्रोतहरुका अनुसार ईपीसी मोडेलमा खास ठेकेदार कम्पनीलाई अनुकूल हुने गरी स्पेसिफिकेशन राखिन्छ । त्यसका लागि उपकुलपति महतोमाथि व्यापक दबाब बढाउन थालिएको छ।

उपकुलपति महतोले डीपीआरको काम भइरहेको स्वीकारे पनि बजेट आइनसकेको बताए। 'प्रदेश सरकारले भवन र ल्याव उपकरण खरिदका लागि बजेट सुनिश्चित गरिसकेको छ' उनले भने, आवश्यक ल्याव उपकरणको सूची बनाउने र भवन निर्माणका लागि डीपीआरको काम भइरहेको छ।

प्रदेश सरकारको सामाजिक विकास मन्त्री सुरिता साह बने देखि मन्त्रालयको काममा सुमित साहले चलखेल गर्न थालेको बताइएको छ।

विगतमा उनका पिता नवलकिशोर साह सामाजिक विकास मन्त्री रहे पनि निवासबाट नै साहले मन्त्रालय चलाएका थिए । उनले स्वास्थ्यमा भारी भ्रष्टाचार गरेको आरोप लाग्दै आएको छ । तत्कालीन सामाजिक विकास मन्त्रालयको दर्जन बढी फाइलहरु अख्तियार दुरुपयोग अनुसन्धानमा रहेको छ।




**उपकुलपति महतोले डीपीआरको काम भइरहेको स्वीकारे पनि बजेट आइनसकेको बताए ।'प्रदेश सरकारले भवन र ल्याव उपकरण खरिदका लागि बजेट सुनिश्चित गरिसकेको छ 'उनले भने, आवश्यक ल्याव उपकरणको सूची बनाउने र भवन निर्माणका लागि डीपीआरको काम भइरहेको छ ।**

स्वास्थ्य क्षेत्रमा औषधि लगायत उपकरण खरिदमा समेत व्यापक अनियमितता गरेको आरोप लागेका साहले कर्मचारी भर्नामा समेत मोटो रकम असुलेको आरोप छ।

मधेश प्रदेशमा सर्वाधिक भ्रष्टाचार भएको सामाजिक विकास मन्त्रालय रहेको आरोप छ। त्यस मध्ये स्वास्थ्य क्षेत्रमा खरिद र भर्ना दुबैतर्फ ब्रम्हलुट गरिएको बताइन्छ।

छायाँ मन्त्रीको रुपमा रहेका मन्त्री पुत्र साहले मधेश कृषि विश्वविद्यालयमा गिद्धे दृष्टि लगाएका छन् । उनले नै उपकुलपति नियुक्तिमा सशुल्क भूमिका निर्वाह गरेकाले आफ्नो अनुकूल ठेक्का र खरिद गराउन चलखेल सुरु गरेका छन्।

स्रोतका अनुसार डीपीआरमा समेत उनले कमिसन माग्न थालेका छन्। डीपीआर गर्नेको भुक्तानीमा कमिसन थाप्ने साहले स्पेसिफिकेसनका लागि समेत दबाब दिइरहेको स्रोतले जनाए।

तर उपकुलपति महतोले कुनै हालतमा साहको प्रभावमा नपर्ने अडानमा छन्। 'कुनै प्रकारको सेटिंग हुने अथवा खास व्यक्तिलाई मात्र लाभ पुग्ने गरी कुनै काम हुने छैन् ' उनले भने, सबै काम पारदर्शी र रितपूर्वक मात्र हुनेछ। यद्यपि उनले डीपीआरको बजेट र कन्सल्टेन्ट बारे खुलाउन चाहेनन्।

हुनत सामाजिक विकास मन्त्रालयबाट शिक्षालाई अलग्याएर सरकारले उद्योग, वाणिज्य, आपूर्ति मन्त्रालयमा शिक्षालाई गाभेको छ । शिक्षा अन्तर्गत विश्वविद्यालय रहेको र सो मन्त्रालयमा जनमत पार्टी संसदीय दलका नेता महेश यादव मन्त्री रहेका छन्।

साहले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि ईपीसी प्रक्रियाबाट गराएको टेण्डरलाई 'होल्ड' गरिएको छ। प्रतिष्ठानले क्यान्सर र ह्रदय रोगका लागि १ अर्बको बजेट विनियोजन गरी टेण्डर गरेको थियो । सुमित साहको दबाबमा ईपीसी प्रक्रियाबाट भएको सो टेण्डरलाई 'होल्ड' गरिएको प्रतिष्ठानले जनाएको छ। ईपीसी यस अघि औषधि र स्वास्थ्य उपकरणहरु खरिद विरुद्ध अख्तियारमा उजुरीहरु परेका छन्।




# माओवादी पनि मधेश प्रदेश सरकारमा



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले मंगलबार पूर्णता पाएकोछ । माओवादी केन्द्रबाट सुनिता यादव उद्योग, पर्यटन तथा वनमन्त्री बनेकी छन्। सो मन्त्रालयमा माओवादीकै रहवर अन्सारीलाई राज्यमन्त्रीको जिम्मेवारी दिएको छ । दुबै मन्त्रीले मंगलबार शपथग्रहण गरेका छन्।

माओवादीबाट धनुषाकी यादव उद्योग वन तथा पर्यटन मन्त्री बनेकी छन् । उनलाई प्रदेश प्रमुख हरिशंकर मिश्रले पद तथा गोपनीयताको शपथग्रहण गराएका छन् । सोही मन्त्रालयको राज्यमन्त्री पदको जिम्मेवारी पर्साका रहबर अन्सारीले सम्भालेका छन् । उनलाई मुख्यमन्त्री सरोज कुमार यादवले पद तथा गोपनीयताको शपथग्रहण गराए । सुनिताले मैथिली र रहबरले भोजपुरी भाषामा शपथ लिएका थिए । नव नियुक्त मन्त्रीले शपथ ग्रहण लगत्तै पदभार पनि ग्रहण गरेको हो।

शहीद रामवृक्ष यादवकी छोरी सुनिता समानुपातिक कोटामा सांसद भएकी छन् भने अन्सारी पर्सा निर्वाचन क्षेत्र नम्बर १ को 'क'बाट निर्वाचित छन्।

माओवादीमा मन्त्री बन्ने आकांक्षी बढी हुँदा दुई पटक सरकार विस्तार हुँदा मन्त्रिमण्डलमा सहभागी भएका थिएनन् । दोस्रो पटक माघ २० गते सरकार विस्तार हुँदा माओवादीबाट भरत साह मन्त्री र यादवलाई राज्यमन्त्रीमा सिफारिस गरिएको थियो।

संसदीय दलका नेता भरत साहले आफूलाई दलीय सहमति विपरीत सिफारिस गरेको आरोप लगाउँदै सांसदहरुले विरोध जनाएपछि केन्द्रले हस्तक्षेप गरी शपथग्रहण रोकेका थिए।

मधेश प्रदेशमा मुख्यमन्त्रीसहित ११ वटा मन्त्रालय छ । जसमध्ये जसपाले मुख्यमन्त्रीसहित ४ मन्त्री, १ राज्यमन्त्री, नेकपा एमाले ४ मन्त्री, १ राज्यमन्त्री, जनमत पार्टी २ मन्त्री, १ राज्यमन्त्री र माओवादी केन्द्र १ मन्त्री, १ राज्यमन्त्रीको जिम्मेवारी पाएका छन् । मधेश सरकारको मन्त्रिपरिषद्मा पहिलो पटक दुई महिलाले जिम्मेवारी पाएका छन्।



# उखु किसान मर्कामा

**ओम प्रकाश यादव**

गरुडा । आफू अनुकूल उखु बेच्न नपाउने भएपछि बाराका उखु किसान मर्कामा परेका छन् । बाराका उखु उत्पादक किसानहरूले उत्पादन गर्ने उखु वर्षौंदेखि रौतहटको उद्योगमा बेच्दै आएको अवस्थामा एक्कासी प्रशासनले बाराको उखु रौतहटको उद्योगमा बिक्री गर्न नपाउने भन्दै प्रतिबन्ध लगाएपछि उखु किसान समस्यामा परेका छन् ।



बाराको चीनी उद्योग भन्दा रौतहटको चीनी उद्योगमा उखु बिक्री गर्दा बढी फाइदा हुने भएको भन्दै बाराका किसानहरू रौतहटको कटहरिया नगरपालिका - ९ मा अवस्थित बाबा बैजुनाथ सुगर मिलमा उखु बेच्दै आएका थिए तर जिल्ला प्रशासन कार्यालय बाराले एक सूचना जारी गर्दै बारा जिल्लामा उत्पादन भएको उखु बारा कै उद्योगमा बिक्री गर्ने र रौतहटमा बिक्री गर्न नपाउने भनी बन्देज लगाएको छ ।

माघ २३ गतेदेखि प्रशासनले बाराको उखु रौतहटमा बिक्री गर्न रोक लगाएपछि यहाँका उखु उत्पादक किसानहरू उखु बिक्री गर्न नपाउँदा समस्यामा पर्नुका साथै निकै चिन्तित भएका छन् ।

जिल्ला प्रशासन कार्यालयको सो निर्णयले समस्यामा परेका बाराका उखु किसानहरुले आफू अनुकूल रौतहटको उद्योगमा उखु बिक्री गर्न पाउनुपर्ने माग राख्दै बाराका प्रमुख जिल्ला अधिकारी (सिडिओ) नवराज सापकोटालाई मंगलबार ज्ञापनपत्र बुझाएका छन् ।

किसानले उत्पादन गरेको उखु आफू अनुकूल आफूलाई बढी फाइदा हुने अर्थात् सहज हुने जुनसुकै जिल्लाको उद्योगमा बेच्न पाउँछन् तर प्रशासनले बलजबर्जस्ती बारा बाहेक अन्य जिल्लामा उखु बिक्री गर्न नपाउने गरी बन्देज लगाएर किसानमाथि अन्याय गरेको विज्ञप्तिमा उल्लेख छ।

बाराको भन्दा रौतहटको बाबा बैजुनाथ सुगर उद्योगमा उखु बिक्री गर्दा प्रति क्विन्टल ८० रुपैयाँ बढी किसानलाई फाइदा हुनेगरेको र यस उद्योगले एकसातामै भुक्तानीसमेत दिने गरेकोले बाबा बैजुनाथ उद्योगलाई उखु बिक्री गर्दा लाभ पनि बढी हुने गरेको र समयमै भुक्तानीसमेत पाउने गरेको विज्ञप्तिमा उल्लेख छ।

आफूहरुलाई पहिला कै जस्तो अवस्थामा जुनसुकै ठाउँमा उखु बिक्री गर्न पाउने वातावरण बनाइदिन भन्दै किसानहरूले विज्ञप्तिमार्फत जिल्ला प्रशासन कार्यालयलाई आग्रह गरेका छन् ।

तुरुन्त आफूहरुको समस्या समाधान नभए प्रहरी प्रशासन विरुद्ध कडा आन्दोलन गर्न बाध्य हुने चेतावनी किसानहरूले दिएका छन् ।

यता बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले चीनी उद्योग भएको स्थानभन्दा २५ किलोमीटर क्षेत्र भित्रका उखु अन्यत्र बिक्री गर्न नपाउने भन्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय काठमाण्डुले नै परिपत्र जारी गरेकोले मन्त्रालयको निर्णय कार्यान्वयन गर्न आफूहरु अन्यत्र उखु बिक्री गर्न बन्देज लगाएको बताएका छन् ।

यसैगरी,उखु उत्पादक संघका केन्द्रीय अध्यक्ष कपिलमुनी मैनालीले किसानहरू आफूलाई मन् परेको जुनसुकै जिल्ला वा ठाउँमा आफ्ना उखु बिक्री गर्न सकिने बताएका छन् ।

उद्योग मन्त्रालय र जिल्ला प्रशासन कार्यालयले किसानलाई मन परेको अर्थात् उपयुक्त ठाउँमा उखु बिक्री गर्न नपाउने भनी बन्देज लगाएर किसानहरूको हक अधिकारमाथि कुण्ठित गर्नेकाम गरेको अध्यक्ष मैनालीले बताए ।

किसानलाई आफ्ना अनुकूल उखु बेच्न नदिने कसैको अधिकार नरहेको बताउँदै उनले किसानलाई अनावश्यक दुःख दिने काम आफूहरुलाई कदापि स्वीकार्य नहुने बताए ।

किसानको इच्छा र चाहना अनुसार उखु बिक्री गर्न प्रतिबन्ध लगाएर प्रशासनले किसानलाई दुःख दिने काम गरेको भन्दै उनले प्रशासनले किसानमाथि लगाएको सो प्रतिबन्ध नहटाए आफूहरु आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी उनले दिए ।

# माघ निगल्दो पनि हुस्सु र स्याँठ

महोत्तरी । तराईमधेशमा लागेको बाक्लो हुस्सु र चिसो स्याँठ चल्दा दैनिक जनजीवन प्रभावित बनेका छन् । मध्य माघपछि त घाम तात्दै गएर कामकाजमा निस्कन मौसम अनुकूल नै हुने विगत सम्झनेहरु यसपालि मौसम फरक परेकामा छक्क परेका छन् ।

"बाँचीवर्ती रहे भोग्न, देख्न पाइने रे'छ, माघ निगल्दो चिस्यो स्याँठ र दिउँसै रात पार्ने हुस्सु देखे, भोगेको त्यति सम्झना छैन", गुहाली (गोठ)को एक छेउमा आगो तापिरहेकी महोत्तरीको बर्दिबास-७ मनहरिपुरकी ७२ वर्षीया इन्द्रमाया पौडेल भन्नुहुन्छ, "आधा दिन बित्दासम्म के दिन के रात खुट्याउनै नसकिने गरी हुस्सुले डम्म ढाकी राख्छ ।" शिशिरयाममा जाडो स्वभाविक भए पनि वसन्तपञ्चमीपछि घाम तात्दै जाने अनुभव सँगालेका यस भेगका पाका उमेरका सर्वसाधारण यसपालि मध्य माघयताको बाक्लो हुस्सु र चिसो स्याँठ यसअघि त्यति नव्यहोरिएको बताउँछन् ।



ठ्याक्कै वसन्तपञ्चमी मनाइएको तीन दिनपछि देखि नै फेरि बाक्लो हुस्सुले डम्म ढाकेर चिसो स्याँठ बहन थालेपछि यहाँका पाका उमेरका सर्वसाधारण मौसम उल्टोपाल्टो चल्न थालेको भन्दै छक्क परेका हुन् । "हाम्रो चलनमा त तिलासक्रायत (माघेसङ्क्रान्ति) नै घाम तात्न थाल्ने पर्व मानिन्छ, वसन्तपञ्चमी मनाइएपछि त वसन्त नै लागेको मान्ने चलन छ, तर यसपालि त निगल्दो माघले पनि छिप्पिएको पुस सम्झाउँदै छ", भङ्गाहा-४ रामनगरका ७५ वर्षीय वृदेवसिंह दनुवारले भन्नुभयो ।

माघ दोस्रो सातायता पारिलो घाम लाग्न थालेर आकाश खुलेपछि अब जिउ तात्छ भन्ने आश पालेका आफूहरूलाई माघ तेस्रो साता लागेयता फेरि हुस्सु लाग्न थालेर चिसो स्याँठले सताउन थालेको सो बस्तीकै ८५ वर्षीय हाजी बिहारी अन्सारी बताउनुहुन्छ। "खै वसन्तपञ्चमी मनाइएपछि त हुस्सु फाट्दै गएर आकाश सफा र उज्यालो हुन्थ्यो, अहिले त फेरि पुसको स्याँठ र हुस्सु पो दोहोरियो", उहाँले भन्नुभयो, "खै बाबु, के-के देख्न, भोग्नुपरेको छ को नि !"

माघको तेस्रो सातायता बढेको बाक्लो हुस्सु र चिसो स्याँठले महोत्तरीका गरिब बस्तीका सर्वसाधारणको फेरि बिचल्ली बढेको छ । एक साता पारिलो घाम देख्न, ताप्न पाएका यहाँका सर्वसाधारण माघ तेस्रो सातापछि फेरि बाक्लो हुस्सुले ढाकेर लगातार चिसो स्याँठ बहन थालेपछि बिचल्लीमा परेका हुन् । महोत्तरीका सबैजसो भेगमा अहिले बाक्लो तुवाँलोले डम्म ढाकेर घाम नदेखिएको एक साता भइसकेको छ । जिल्लाको उत्तरीक्षेत्रमा मध्यान्हतिर मधुरो घाम देखिए पनि मध्य र दक्षिणी भेगमा दिउँसो कुनै बेला अक्कलझुक्कलमात्र घाम देखिन्छ ।

"वसन्तपञ्चमी पनि मनाइयो, अब त घाम तात्छन् भन्ने थियो, तर फेरि अँध्यारोले छोप्यो", चिसो स्याँठबीच घर अगाडि पातपतिङ्गर बटुलेर आगो सल्काएर वरिपरि परिवारजनबीच तातोको सहारा खोजी रहनुभएका भङ्गाहा-४ पलार बस्तीका ८० वर्षीय चौठी बाँतरले भन्नुभयो, "कहीं काममा निस्कन सकिने छाँट देखिन्न, यही 'घूर' (पातपतिङ्गर बटुलेर बालिएको आगो)को सहारा छ ।"

सामान्यतया पुस-माघमा हुस्सु लाग्ने, स्याँठ चल्ने र घाम पातलो देखिने भए पनि वसन्तपञ्चमी मौसम फेरिने खास पर्वका रुपमा लिइन्छ । "यसपालि पनि वसन्तपञ्चमीभन्दा चार-पाँच दिन पहिलेदेखि नै पारिलो घाम देखिन थालेको पनि हो", बलवा नगरपालिका-११ भगवतीपुरका ७५ वर्षीय उत्तिम माझी मुसहर भन्नुहुन्छ, "तर एक सातापछि नै फेरि हुस्सुसँगै स्याँठ चल्न थाल्यो, यस्तो भोगिएको कमै सम्झना छ।" हिउँदमा वर्षा पनि नभएको र अहिले माघ निगल्दोसम्म हुस्सु र स्याँठले नछाडेपछि यहाँका पाका व्यक्ति बालीनालीका लागि समय उपयुक्त नहुने लख काट्दैछन् ।

माघ तेस्रो साताको प्रारम्भसँगै बढेको चिसोले फेरि पुस सम्झाएको सर्वसाधारण बताउँछन् । माघ ६-७ ताका पारिलो घाम लाग्न थालेपछि यसपालिको जाडो काटिएछ भनेको त फेरि पुस लागेजस्तो बनाएको माझी बताउनुहुन्छ । यसरी वसन्तपञ्चमीपछि फेरि मौसम बिग्रनुमा विश्वव्यापी जलवायु परिवर्तनको असर कारण रहेको वातावरणविज्ञहरु बताउँछन् । "जताततै बढ्दो प्रदूषण, वनजङ्गल मासिँदै गएर बढेको असन्तुलन र सहरीकरणले विश्वव्यापीरूपमै असर गरिरहेको छ, यो कुसमयमा बढेको जाडो र हुस्सुले ढाकिनु यसैको कारण हो", लामो समयदेखि वातावरण क्षेत्रको कामको अनुभव सँगाल्नुभएका सामुदायिक विकास तथा पैरवीमञ्च बर्दिबासका अध्यक्ष नागदेव यादव भन्नुहुन्छ, "हामी सचेत भएर यसको असर कम गर्ने उपायमा नलाग्ने हो भने अझै प्रतिकूल अवस्था भोग्ने दिन आउँछन् ।"

जिल्लाका गाउँनगर बस्तीमा अचाक्ली चिसो बढेको र यसले जनजीवनमा प्रतिकूल असर पार्न थालेपछि जिल्ला विपद् व्यवस्थापन समितिले गरिब बस्तीमा न्यानो सिरक बाँड्ने अभियान नै चलाएको छ । "हामीले जिल्लाका आमरूपमा अतिविपन्न मुसहर, बाँतर, चमार र खत्वेलगायतका जाति समुदायका बस्ती, असहाय वृद्धवृद्धा र अपाङ्गता भएकाहरूलाई जाडो छल्न न्यानो फाइबर सिरक बाँडेका छौं", जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समितिका अध्यक्ष दीपक पहाडीले भन्नुभयो, "परोपकारी क्षेत्रमा कार्यरत सामाजिक सङ्घसंस्था र स्थानीय तहको सिफारिसमा यो अभियानलाई अझै निरन्तरता दिइँदैछ ।"

बढ्दो जाडोबीच न्यानो फाइबरको सिरक पाइएपछि पालो मिलाएरै भए पनि जिउ तताउन पाइएको भन्दै यहाँका दलित बस्तीका गरिबले राहत महसुस गरेका छन् । जिल्लाका विभिन्न क्षेत्रका गरिब बस्तीमा पछिल्ला तीन साताबीचमा एक हजार पाँच सय परिवारमा न्यानो सिरक पुऱ्याइएको समितिका सचिव तथा रेडक्रस महोत्तरी शाखाका सभापति दीपक मिश्रले जानकारी दिनुभयो । रासस

# भवन शिलान्यास



**टुडे समाचारदाता**

गरुडा । रौतहटको गरुडा नगरपालिका -९ स्थित रहेको माध्यमिक विद्यालय नयाँ गम्हरिया श्रीपुरमा चार कोठे विद्यालय भवनको शिलान्यास गरिएको छ ।

मधेश प्रदेशका सामाजिक विकास राज्यमन्त्री अबुल कलाम अजाद मंगलबार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अनतर्गत ४५ लाखको लागतमा निर्माण हुने विद्यालय भवनको शिलान्यास गरेका छन्।

रौतहटको क्षेत्र नम्बर ४ (ख) बाट प्रदेश सांसदमा दोस्रोपटक निर्वाचित अजाद प्रदेश सरकारको सामाजिक विकास राज्यमन्त्रीको जिम्मेवारी सम्हाली पहिलो पटक रौतहट आई सो विद्यालय भवन शिलान्यास गर्न पुगेका बेला उक्त विद्यालयका विद्यार्थीहरुले उनलाई स्वागत गरेका थिए।

विद्यालयमा वर्षौंदेखि भवनको अभाव रहेको हुँदा विद्यार्थीहरूको पठन पाठनमा कठिनाइ हुँदै आएको अवस्थालाई मध्य नजर गर्दै सो भवनको शिलान्यास गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार दासले बताए ।

६ महिना भित्रमा विद्यालय भवन निर्माण समपन्न हुनेगरी काम द्रुत गतिमा अगाडि बढाएको बताउँदै अध्यक्ष दासले विद्यालय भवन निर्माण भएपछि विद्यार्थीहरुको पठन पाठनमा सहज हुने विश्वास व्यक्त गरे।

व्यवस्थापन समितिका अध्यक्ष राजकुमार दासको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामाधार पासवान, गरुडा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु यादव, जसपाका मधेश प्रदेश सदस्य अनिल यादवलगायत विद्यालयका बालबालिका शिक्षक शिक्षिकालगायतको सहभागिता रहेको थियो ।

# नेपाल रेडक्रस सोसाइटीद्वारा तीसवटा एम्बुलेन्स हस्तान्तरण

काठमाण्डु । नेपाल रेडक्रस सोसाइटीले विपद्, दुर्घटना एवं गम्भीर प्रकृतिका रोगबाट प्रभावित, घाइते तथा सुत्केरीलगायतलाई मानवीय सेवा पुऱ्याउने उद्देश्यले ३० वटा एम्बुलेन्स हस्तान्तरण गरेको छ । रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी)को सहयोगमा खरिद गरिएका ती एम्बुलेन्स विभिन्न २२ जिल्ला शाखा र आठ उपशाखालाई हस्तान्तरण गरिएको हो ।

नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालय कालीमाटीमा मंगलबार आयोजित कार्यक्रममा आइएफआरसीका महासचिव जगन्नाथ चापागाईंले ती एम्बुलेन्सको साँचो हस्तान्तरण गर्नुभयो । खरिद गरिएका ३० वटै एम्बुलेन्स 'ख' वर्गका छन् । 'ख' वर्गका एम्बुलेन्समा अक्सिजन सिलिन्डर, मोनिटरलगायत न्यूनतम स्वास्थ्य पूर्वाधार रहेका हुन्छन् ।

एम्बुलेन्स प्राप्त गर्नेमा इलाम, झापा, तेह्रथुम, सङ्खुवासभा, सप्तरी, उदयपुर, भक्तपुर, नुवाकोट, तनहुँ, गुल्मी, प्यूठान, सल्यान, सुर्खेत, दाङ, जाजरकोट, डोटी, मुगु, बझाङ, बैतडी, दार्चुला, कैलाली र कञ्चनपुर जिल्ला शाखा छन्। यस्तै बाँकेको सोनारी, बर्दियाको बारबर्दिया, भोजपुरको अन्नपूर्ण, गोरखाको मनकामना, कालीकोटको नरहरिनाथ, रोल्पाको घर्तीगाउँ, सिन्धुलीको ग्वालटार र सिरहाको मिर्चैया उपशाखाले पनि एम्बुलेन्स प्राप्त गरेका छन् ।

विसं २०२० भदौ १९ गते स्थापना भएको नेपाल रेडक्रसले दुर्घटनाका घाइते तथा बिरामीको स्वास्थ्य अवस्था बिग्रन नदिन २०२१ सालमा पहिलो पटक नेपालमा एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको थियो । त्यतिबेला जर्मन रेडक्रसको सहयोगमा एम्बुलेन्स सञ्चालन गरिएको थियो । सो लगत्तै २०२२ सालमा जापान सरकारको सहयोगमा रेडक्रसले दोस्रो एम्बुलेन्स सञ्चालनमा ल्याएको थियो । रेडक्रसले हाल ६८ जिल्लामा दुई सय ७५ वटा एम्बुलेन्स सञ्चालनमा ल्याएको छ।

सरकारको राष्ट्रिय एम्बुलेन्स नीतिअनुरुप पुराना एम्बुलेन्सको स्तरवृद्धि गर्ने र नयाँ खरिद गर्दा 'ख' वर्गको एम्बुलेन्स खरिद गर्ने नीति लिइएको रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले जानकारी दिनुभयो । सरकारको राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ र नेपाल रेडक्रसले अवलम्बन गरेको स्तरवृद्धिको नीतिअनुसार कोभिड-१९ पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रमबाट आइएफआरसीको सहयोगमा ती एम्बुलेन्स खरिद गरिएका हुन् ।

यी एम्बुलेन्स विभिन्न जिल्ला शाखालाई हस्तान्तरण गरिएसँगै रेडसक्रसको एम्बुलेन्स सेवा अझ स्तरीय हुँदै जाने र बिरामी तथा घाइतेलाई अस्पतालसम्म पुऱ्याई जीवन रक्षा गर्न ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको रेडक्रस सोसाइटीले जनाएको छ । हस्तान्तरण गरिएका एम्बुलेन्सलाई प्रादेशिकस्तरमा स्थापना गरिएका प्रेषण केन्द्रमा आबद्ध गरी १०२ नंम्बर मार्फत सञ्चालन हुनेछन् ।

एम्बुलेन्स हन्तान्तरण कार्यक्रममा रेडक्रसको अन्तर ाष्ट्रिय महासङ्घका महासचिव चापागाईंले अर्काको जीवन रक्षाका लागि सहयोग गर्ने रेडक्रसको मूल भावलाई जोगाएर राख्न सक्नुपर्ने बताउनुभयो । "रेडक्रसमा हुञ्जेल मानवीय सेवाबाहेक अन्य कुनै एजेन्डा हुनुहुँदैन", उहाँले भन्नुभयो, "मानवीय सेवामा समर्पित हुने योजना छैन भने अन्य क्षेत्रमा लाग्नुपर्छ ।" उहाँले अन्य जिल्लालाई पनि एम्बुलेन्स उपलब्ध गराउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# अवैध खोला उत्खनन गर्ने टिपर नियन्त्रणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ स्थित जलाद खोलाबाट अवैध रूपमा बालुवा गिट्टी उत्खनन गर्ने ९ वटा टिपरलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।



जलाद खोलामा बालुवा गिट्टी उत्खनन गरी जनकपुरधामतर्फ आउने क्रममा वडा प्रहरी कार्यालय रेल्वे र मुजेलियाबाट खटेको टोलीले ९ वटा टिपरलाई नियन्त्रणमा लिएको हो । टिपरलाई नियन्त्रणमा लिए पनि प्रहरीले चालकहरूलाई छाडिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले ना ८ ख ८३६२, ना ८ ख २०४६, ना ७ ख ६३९५, ना १ ख ६८५८, ना ७ ख ९०२७, प्रदेश ००१ ख १८९९, ना ८ ख २२०, प्रदेश २-०३-००१ क १९७६ र एउटा अन टेस्ट टिपर नियन्त्रणमा लिएको जनाइएको छ । नियन्त्रणमा लिइएको ९ वटै टिपरलाई आवश्यक कारबाहीको लागि प्रहरीले जिल्ला समन्वय समितिको कार्यालयलाई जिम्मा लगाइएको छ ।

# सचिवको सरुवा र पदस्थापन

काठमाण्डु । सरकारले विभिन्न श्रेणीका कर्मचारीको सरुवा तथा पदस्थापन गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को सोमबारको बैठकले सचिवको सरुवा र कर्मचारीको पदस्थापन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव कृष्णहरि पुष्करलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिव पदमा र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेललाई प्रधानमन्त्री कार्यालयको सचिवमा सरुवा गरिएको छ ।

प्रधानमन्त्री कार्यालयका सचिव (कानून) धनराज ज्ञवालीलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सरुवा गरिएको छ भने सो मन्त्रालयका सचिव उदयराज सापकोटालाई प्रधानमन्त्री कार्यालयको सचिव पदमा सरुवा गरिएको छ । मन्त्रिपरिषद्बैठकलेन्यायसेवाआयोगको सिफारिसबमोजिम महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता गोपालप्रसाद रिमाललाई राजपत्राङ्कित विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ता पदमा बढुवा गरी महान्यायाधिवक्ताको कार्यालयमा पदस्थापन गर्ने निर्णय गरेको छ।

बढुवा समितिको सिफारिसबमोजिम विभिन्न मन्त्रालयअन्तर्गत विभिन्न सेवा/समूह/उपसमूहका राजपत्राङ्कित द्वितीय श्रेणीका २३ जना अधिकृतलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरहको पदमा बढुवा गरी पदस्थापन गर्ने बैठकले निर्णय गरेको सञ्चारमन्त्री शर्माले जानकारी दिनुभयो । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : धन बृद्धि सञ्चय । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हत्याको आठ वर्षपछि देवरलाई जन्मकैद

सप्तरी । भाउजूको हत्या आरोपमा सप्तरीको छिन्नमस्ता गाउँपालिका-१ बरहीवीरपुरका विद्यानन्द राय उनका भाइ शिवानन्द रायलाई सोमबार जन्मकैद सजायको सजायँ सुनाइएको छ।

जिल्ला न्यायाधीश हेमन्त रावलको इजलासले घटनाको आठ वर्षपछि अभियुक्तहरूलाई जन्मकैद सजायको सुनाउनुभएको हो। अभियुक्तहरू दुवै हालसम्म फरार रहेको अदालतले जनाएको छ।

आठ वर्षदेखि पेसी रोकिँदै आएको सो मुद्दा सप्तरी जिल्ला अदालतका १८ जना न्यायाधीशले हेरिसकेका थिए । पटकपटक पेसी चढे पनि गत माघ १६ गते मुद्दाको ६१औँ पटक पेसी सारेर फैसला हुन सकेको थिएन। जिल्ला अदालतले शिवानन्दलाई ०७४ साउन ४ गते रु २० हजार र विद्यानन्दलाई ०७४ असोज १ गते रु १५ हजार धरौटीमा छाड्न आदेश दिएको थियो । जनकपुर उच्च अदालतको राजविराज इजलासले पनि ०७५ असार ७ गते उक्त आदेश सदर गरेपछि मृतकको छोरा बेचनले उक्त आदेशविरुद्ध ०७५ साउन २० गते सर्वोच्च अदालतमा निवेदन दिनुभएको थियो ।

सर्वोच्च अदालतले मातहतका दुवै अदालतको आदेश बदर गर्दै ०७७ असार ५ गते दुवै आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएकामा हालसम्म आरोपित दुवै फरार छन् । सिसौको रूखका हाँगा बेचनले घर ल्याएपछि विवाद बढ्दै कुटपिट हुँदा लाठी र फलामको रड प्रहारबाट ६६ वर्षीया राजेश्वरीदेवी राय भनिने राज्यवती अमात्यनीको २०७१ चैत १९ गते मृत्यु भएको थियो । छोरा बेचनले घटनाकै दिन २०७२ वैशाख १४ गते जिल्ला प्रहरी कार्यालयमा अभियोगपत्र दायर गर्नुभएको थियो ।

फैसलाका लागि मुद्दाका सबै अङ्ग पुगे पनि अस्वाभाविक ढिलाइले आर्थिक नोक्सानी र मानसिक तनाव झेलिरहनुभएका बेचनले फैसलाप्रति सन्तोष व्यक्त गर्नुभयो । अन्य आरोपितहरू शिवानन्दकी श्रीमती मञ्जुदेवी राय, विद्यानन्दकी श्रीमती विन्दुदेवी राय,उनीहरूका छोरा चन्दनकुमार राय, कान्छा देवर कामानन्द राय र उनकी श्रीमती रेणुदेवी रायले भने सफाइ पाएका छन् । रासस

# 'सशक्त महिला, समृद्ध नेपाल' कार्यक्रम शुभारम्भ

काठमाण्डु । नेपाल सरकार, संयुक्त राष्ट्र सङ्घ र युरोपेली सङ्घको संयुक्त साझेदारीमा नेपालमा लैङ्गिक समानता तथा महिला र युवतीको सशक्तिकरणलाई अगाडि बढाउन कार्यक्रम शुभारम्भ गरिएको छ।

'सशक्त महिला, समृद्ध नेपाल' नाम दिइएको चारवर्षे संयुक्त राष्ट्रिय कार्यक्रम मंगलबार ललितपुरको पाटनमा आयोजित विशेष समारोहमा शुभारम्भ गरिएको हो। उक्त कार्यक्रम महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरी, युरोपियन युनियनको अन्तर्राष्ट्रिय साझेदारीका निर्देशक पेटेरिस उस्टुब्स र युनिसेफ नेपालका प्रतिनिधि एल्के विस्चले संयुक्त रूपमा शुभारम्भ गर्नुभएको हो।

सङ्घ, प्रदेश र स्थानीय सरकारसँगको साझेदारीमा सञ्चालित यो कार्यक्रम १९.५ मिलियन अमेरिकी डलरको रहेको छ। यस कार्यक्रमले नेपालमा लैङ्गिक समानता तथा महिला र युवतीको सशक्तिकरणलाई अगाडि बढाउने र समृद्ध र सुखी नेपालको राष्ट्रिय परिकल्पनालाई साकार पार्न काम गर्ने बताइएको छ।

कार्यक्रम कर्णाली, मधेस र सुदूरपश्चिम प्रदेशमा कार्यान्वयन गरिनेछ। कार्यान्वयनका विविध विषयमा संयुक्त राष्ट्रसङ्घका चार वटा एजेन्सी अन्तर्राष्ट्रिय श्रम सङ्गठन, राष्ट्रसङ्घीय जनसङ्ख्या कोष, राष्ट्रसङ्घीय बाल कोष र यूएन वुमनको सहयोग रहनेछ। शुभारम्भ समारोहमा मन्त्री चौधरीले महिलाको सशक्तिकरण नभई दिगो विकास नहुने उल्लेख गर्दै कार्यक्रम कार्यान्वयनमा सरकारका तर्फबाट आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। रासस

# महाशिवरात्रिका लागि पशुपतिनाथको मूल मन्दिरमा रङ्गरोगन र मर्मत सम्भार सुरु



काठमाण्डु। महाशिवरात्रिको तयारीस्वरुप पशुपति क्षेत्रस्थित मूल मन्दिरमा रङरोगन र मर्मतसम्भार सुरु गरिएको छ। महाशिवरात्रिको तयारीका क्रममा पशुपति क्षेत्र विकास कोषले माघ २९ गते विशेष सफाइ पनि सुरु गर्न लागिएको छ । पशुपति क्षेत्रमा वर्ष भरमा मनाइने पर्वमध्ये महाशिवरात्रि महत्वपूर्ण पर्व हो। महाशिवरात्रिको तयारीका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ।

मूल समारोह समितिअन्तर्गत गठन भएका नौवटै उपसमितिले बैठक गरी महाशिवरात्रिको तयारीलाई तीव्रता दिएको कोषका सूचना अधिकारी गौरीशङ्कर पराजुलीले राससलाई जानकारी दिनुभयो। कोषका सदस्य सचिव डा मिलनकुमार थापाको संयोजकत्वमा सुरक्षा व्यवस्था तथा शङ्कराचार्य निश्चलानन्द सरस्वती स्वागत तथा सत्कार उपसमिति गठन गरिएको छ । यसैगरी कोषाध्यक्ष नारायणप्रसाद सुवेदीको संयोजकत्वमा प्रचारप्रसार, स्वयंसेवक व्यवस्था उपसमिति, परिषद् सदस्यद्वय देवीप्रसाद बराल र उत्सव बडालको संयोजकत्वमा आवास, भोजन तथा भौतिक व्यवस्था उपसमिति गठन गरिएको छ।

परिषद् सदस्य विश्वकरण जैनको संयोजकत्वमा स्वास्थ्य सेवा उपसमिति, परिषद् सदस्य आशा पाण्डेको संयोजकत्वमा वातावरण, सरसफाइ तथा जुत्ता चप्पल व्यवस्था उपसमिति, परिषद् सदस्य अर्जुनप्रसाद बास्तोलाको संयोजकत्वमा साधुसन्त तथा पूजापाठ व्यवस्था उपसमिति गठन गरिएको छ।

यसैगरी परिषद् सदस्य रमेशराज शिवाकोटीको संयोजकत्वमा मन्दिर दर्शन, चन्दन वितरण तथा रात्रिकालीन व्यवस्था उपसमिति, परिषद् सदस्य पूर्णबहादुर जेठाराको संयोजकत्वमा मेला, बजार व्यवस्थापन, साज सजावट उपसमिति र कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाको संयोजकत्वमा मूल्याङ्कन, तथ्याङ्क सङ्कलन तथा स्मारिका प्रकाशन उपसमिति गठन गरिएको छ। यी सबै उपसमितिको नियमित बैठक गरी तयारीका काम तीव्रगतिमा भइरहेको जानकारी पनि उहाँले गराउनुभयो।

महाशिवरात्रिका अवसरमा फागुन ६ गते पशुपतिनाथ मन्दिर प्राङ्गणमा नेपाली सेनालाइमात्र खटाउने निर्णय पनि कोष सञ्चालक परिषद्ले गरेको छ। महाशिवरात्रिका अवसरमा कोषले लिङ्ग पुराणसमेत आयोजना गर्न लागेको छ । यस वर्षको महाशिवरात्रिका अवसरमा जगन्नाथपुरीस्थित गोवर्द्धन मठका शङ्कराचार्य निश्चलानन्द सरस्वतीलाई आमन्त्रण गरेको कोषले जनाएको छ। शङ्कराचार्य निश्चलानन्द सरस्वतीको स्वागतका लागि पनि कोषले विशेष तयारी गरेको जनाएको छ । पशुपति क्षेत्र परिसरका सम्पदामा पनि रङरोगन गरी महाशिवरात्रिका लागि चिटिक्क बनाइएको छ।रासस

# बालिका हत्यारालाई जन्मकैदको फैसला




जलेश्वर । महोत्तरी जिल्ला अदालतले एक बालिका हत्यारालाई जन्मकैदको फैसला सुनाएको छ।

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-१४ सुगमबस्तीमा दुई वर्षअघि एक ६ वर्षीया बालिकाको अपहरण तथा जबर्जस्ती करणीपछि हत्या गरेको आरोपमा स्थानीय अरुणकुमार साहलाई जन्मकैदको फैसला सुनाएको हो।

महोत्तरी जिल्ला अदालतका स्रेस्तेदार मदन जयसवालका अनुसार अदालतका न्यायाधीश रामचन्द्र खड्काको इजलासले अपहरण, जबर्जस्ती करणी र कर्तव्य ज्यान मुद्दामा निज साहलाई मंगलबारीवन कारावासको सजाय सुनाएको हो।

साथै पीडित परिवारलाई रू एक लाख क्षतिपूर्तिसमेत दिनुपर्ने फैसला गरेको हो । विसं २०७७ मङ्सिर ७ गते आइतबारका दिन अरुणले छिमेकी सादिम आलमकी ६ वर्षीया छोरी गुलाबसा खातुनलाई अपहरण गरी बेपत्ता बनाएको र पछि जबर्जस्ती करणी गरी घटना बाहिरिने डरले घाँटी थिचेर हत्या गरी बोरामा राखेर फालिदिएको अवस्थामा उनको शव मङ्सिर ८ गते सोमबार राति सोही बस्तीमा फेला परेको थियो।

पीडित परिवारलाई न्याय दिलाउन घटनाको उच्चस्तरीय छानबिन हुनुपर्ने र दोषीलाई कडाभन्दा कडा कारबाहीको माग गर्दै स्थानीयले प्रशासनविरुद्ध आन्दोलन चर्काएपछि सो आन्दोलनको क्रममा बर्दिबास-१ बस्ने सञ्जय भन्ने बुद्धिराज न्यौपानेको प्रहरीको गोली लागी मृत्यु भएको थियो।

सोही घटनाको महोत्तरी जिल्ला अदालतमा सोमबार भएको अन्तिम सुनुवाइ (पेसी) मा दोषी साहलाई अदालतले अपहरण, जबर्जस्ती करणी र कर्तव्य ज्यान मुद्दामा जन्मकैदको फैसला सुनाएको हो।रासस

# "जहाँ ढुङ्गा ढुङ्गामा देवताको बास छ"

जनकपुरधाम । 'जहाँ ढुङ्गा ढुङ्गामा देवताको बास छ' भनेर ओम गुरुङले गाएको गीत सुनिएकै हो । तर त्यसको भाव बुझ्न नेपालको गौरवपूर्ण विगत पढ्नुपर्छ या त त्यो पढेका, बुझेका मान्छेहरूको कुरा सुन्नुपर्छ।

वैदिक सभ्यताको जननी, ऋषि-महर्षि आदि पुण्यात्माको तपस्यास्थल भनेर वर्णन गरिएको देवभूमि, अलौकिक धार्मिक आस्थाको पुञ्ज नेपाल बुझ्ने हरेक धार्मिक मान्छेले यहाँका ढुङ्गा ढुङ्गामा देवताको बास देख्छन् र प्रकृतिप्रेमीले यहाँका थुङ्गाथुङ्गामा स्वर्गको आभाष गर्छन् । तर 'नजिकको तीर्थ हेला' भनेजस्तै हामी नेपाली स्वयम्ले भने जानेर वा नजानेर यहाँको अनुपम महिमालाई नजरअन्दाज गरिरहेका हुन्छौँ।

यस्तै आभाष भयो नेपालको कालीगण्डकी नदीबाट भारतउत्तर प्रदेशको ऐतिहासिक धार्मिकस्थल भगवान् रामको जन्मभूमि अयोध्या लगिएको शिलायात्रामा सहभागी हुँदा। "कालीगण्डकी नदीको शिलामा भगवान् रामको बालस्वरुप बनाएर उहाँको जन्मभूमि अयोध्यामा निर्माणाधीन राम मन्दिरको केन्द्रमा राख्ने विषय हामी सबै नेपालीका लागि ऐतिहासिक महत्वको हुने नै भयो", नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय सचिव रामजी दाहालले भन्नुभयो, "तर त्यसको धार्मिक महत्व कति रहेछ भन्ने कुरा भारतीय सीमा प्रवेशपछि मात्रै अझ बढी थाहा भयो।" उहाँले कालीगण्डकीको शिलालाई देवशिलाका रूपमा भारतीय पक्ष र विशेषगरी त्यहाँका हिन्दू धर्मावलम्बीहरूबाट व्यक्त श्रद्धाबाट आफू आश्चर्यचकित भएको बताउनुभयो।

म्याग्दीको बेनीबाट जनकपुरधामसम्म करिब पाँच सय किलोमिटरभन्दा बढी सडक दूरी पार गर्दा केही ठाउँमा मात्रै शिलाको दर्शन तथा पूजा भयो। तर जब त्यो शिलालाई धनुषास्थित जटही नाका हुँदै भारत प्रवेश गराइयो तब थाहा भयो त्यसको महत्व कति रहेछ भनेर।

नेपालमा अधिकांशले ढुङ्गाका रूपमा मात्रै बुझेको शिलामा भारतवासीले देवता नै देखे । त्यहीअनुसार देवशिला यात्रालाई एउटा महोत्सवका रूपमा मनाए । नेपालबाट श्रीराम जन्मभूमि अयोध्या पछ्याउँदै अघि बढेको शिलाप्रति भारतीय श्रद्धालुहरूले अभिव्यक्त गरेको श्रद्धाभाव, उत्साह, उमङ्ग र सहभागिताले त्यसलाई पुष्टि गऱ्यो । त्यो देखेपछि देवशिला यात्रामा सहभागी जनकपुरधामका परमेश्वर महासेठ भन्दै हुनुहुन्थ्यो, "यो आस्था, श्रद्धा र उपस्थिति देख्दा त साक्षत भगवान् राम नै उपस्थित भएको आभाष भयो।"

पिपरौन, फुलहर, गनगौर, गोपालपुर, मुखिआपत्ती, बैंगरा, बीसनपुर, मेघवन, माधपुर, कङ्गनी, दरभङ्गा, मुजफ्फरपुर हुँदै देवशिला मोतिहारी पुग्दा मानिसहरूको उत्साह थपिँदै गयो । देवशिलाको व्यग्र प्रतीक्षामा रहेका दर्शनाभिलाषीमा छिप्पिँदो रात र चिसोको कुनै प्रवाह थिएन। दोस्रो दिन अर्थात् १७ गते गोरखपुरबाट अयोध्या पुग्न करिब एक सय ३५ किलोमिटरको दूरी पार गर्नु थियो। केही घण्टाको सडक पार गर्न देवशिला बोकेको लरीलाई झन्डै १० घण्टाभन्दा बढी समय लाग्यो । "न सार्वजनिक आह्वान, न कुनै उर्दी तर पनि स्वस्फुर्त रूपमा हजारौँ मान्छे बाटोमा लाम लागेर देवशिलाको दर्शन गरेँ", डा कुलराज चालिसेले स्मरण गर्नुभयो, "कोखमा बच्चा च्यापेका महिलादेखि वृद्धवृद्धाहरूले नतमस्तक भएर शिला ढोगे, त्यो छुन पाउनु नै पुण्य हो भन्ने भावमा श्रद्धा प्रकट गरे।"

जनकपुरदेखि अयोध्याको करिब पाँच सय किलोमिटर सडक पार गर्न करिब २४ घण्टा समय लाग्यो । सडकमा त नागरिक थिए नै, भारतीय मिडियाले पनि उच्च प्राथमिकताका साथ प्रचारप्रसार गरे । राम मन्दिर कार्यशाला रामसेवकपुरमा देवशिला पूजापछि आयोजित विशेष समारोहमा नेपालका तर्फबाट जानकी मन्दिरका महन्थ रामतपेश्वर दास र नेपाली कांग्रेसका नेता, पूर्वउपप्रधान एवं गृहमन्त्री विमलेन्द्र निधिले श्री राम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टका महासचिव चंपत रायलाई चतुर्भुज शालिग्रामसहित शिला हस्तान्तरणको क्षण त झन् चर्चा गर्न लायक थियो। त्यसैले त भारतका सबैजसो मिडियाले अरू प्राथमिकतालाई छोडेर त्यसैको चर्चामा समय खर्चिए।

**देवशिला : सांस्कृतिक सम्बन्धको नवीकरण**

"जनकपुर र अयोध्याको प्राचीन सम्बन्ध अवर्णनीय छ, नेपालको देवशिलाले त्यो सम्बन्धलाई थप प्रगाढ बनाएको छ", शिला बुझ्नुहुँदै महासचिव रायले भन्नुभएको थियो।

जानकी मन्दिरका महन्थ दासले पनि युगौँदेखि चलिआएको नेपाल भारतको धार्मिक, सांस्कृतिक सम्बन्धको चर्चा मात्रै गर्नुभएन भगवान् राम र माता सीताको वैवाहिक सम्बन्धसँगै स्थापित यो सम्बन्धमा देवशिलाले थप सुगन्ध थपेको धारणा राख्नुभयो। त्यसअघि संवाददातासँग उहाँले भारतीय सीमा प्रवेशपछि बाटोमा देखिएको उत्साहले आफू नतमस्तक भएको बताउनुभएको थियो।

नेपालबाट देवशिला लिनुअघि लगातार ४५ दिन यही बसेर फर्किनुभएका श्रीराम मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कजले पवित्र देवभूमि नेपालको कालीगण्डकी नदीबाट शिला ल्याउनु एक ऐतिहासिक र पुण्यको काम भएको बताउनुभयो। नेपाली कांग्रेसका नेता एवम् पूर्वउपप्रधान एवम् गृहमन्त्री विमलेन्द्र निधिले सीतारामकालीन सम्बन्धलाई देवशिलाले नवीकरण गरेको भन्दै यस्तो अवसरका लागि भारतीय पक्षप्रति विशेष आधार व्यक्त गर्नुभयो । "त्रेतायुगमा माता जानकी र रामको विवाहले नेपाल-भारतबीचको सम्बन्धलाई कसिलो गरी जोडेको थियो, कालीगण्डकीबाट ल्याइएको यो शिलाले त्यसलाई पुनः नवीकरण गरेको आभाष भएको छ", निधिले भन्नुभयो,



"राम मन्दिर भारतमा बने पनि त्यसमा राखिने मूर्ति नेपालको देवशिलाबाट बन्ने कुराले दुई देशबीचको धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्बन्धलाई थप अविष्मरणीय बनाएको छ । यसको वर्णन गर्न सकिँदैन।"

**ऐतिहासिक राम मन्दिर**

रामायणका मुख्यपात्र भगवान् श्रीराम भारत उत्तरप्रदेशको अयोध्यामा जन्मिएको विषयमा त्यहाँ कुनै विवाद छैन तर हाल बन्दै गरेको राम मन्दिरस्थल भने विगत करिब पाँच सय वर्षदेखि विवादमा थियो । हिन्दूहरूले भगवान् रामको जन्मस्थान मानेर पूजा गरिरहेकै ठाउँमा सेनापति मीरबाकीले १६औं शताब्दीको सन् १५२८ मा बाबरी मस्जिद बनाएपछि विवाद सुरु भएको थियो । त्यही बेलादेखि हिन्दू र मुस्लिम धर्मावलम्बीले आ-आफ्नो दाबी पेस गर्दै विवाद सुरु भएपछि साढे चार सय वर्षको अवधिमा ५६ पटक युद्ध भई लाखौँले ज्यान गुमाएका थिए । "राम जन्मेको ठाउँमा अचानक मस्जिद बनेपछि विवाद बढ्दै गयो, ५६ पटक त हिंसा भएको जानकारीमा आउँछ", श्री राम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टका सदस्य कामेश्वर चौपालले स्मरण गर्नुभयो, "सन् १९९२ डिसेम्बर ६ तारिखपछिको घटना त सबैलाई थाहा छ, त्यो भारतको इतिहासमै खराबमध्येका धार्मिक साम्प्रदायिक हिंसा थियो।"

उहाँले दिएको जानकारीअनुसार सन् १९९२ डिसेम्बरपछि भारतभर भड्किएको हिंसामा दुई हजारको ज्यान गएको थियो भने सबैभन्दा हिंस्रक दङ्गाको रूपमा मुम्बई सहरमा भएको घटनामा मात्रै नौ सय मानिसले ज्यान गुमाएका थिए । यो विवाद अदालतमा पनि पुग्यो । पहिलोपटक १९ जनवरी १८८५ मा हिन्दू पक्षधरले अदालतमा मुद्दा हालेकामा विभिन्न अदालत हुँदै ९ नोभेम्बर २०१९ मा भारतीय सर्वोच्च अदालतका प्रधानन्यायाधीश रञ्जन गोगोई नेतृत्वको पाँच सदस्यीय इजलासले विवादित जमिनमा रामको मन्दिर बनाउने फैसला सुनायो । त्यही फैसलामा मस्जिदका लागि छुट्टै स्थानमा पाँच एकड जमिन उपलब्ध गराउन आदेश भयो।

यही आधारमा चार सय ९२ वर्षपछि अयोध्यामा राम मन्दिर बन्दैछ। फेब्रुअरी २०२० मा स्थापित ट्रस्टले लोकसभा चुनावअघि सन् २०२४ को जनवरी अर्थात् मकर सङ्क्रान्तिमा मुख्य भाग निर्माण सम्पन्न गर्ने लक्ष्यसहित काम सुरु गरेको छ। पाँच अगस्त २०२० मा भूमिपूजा गरी मन्दिर निर्माणको काम सुरु भएको थियो।

नागर शैलीमा बनिरहेको सो मन्दिरमा अहिले छ सयभन्दा बढी कामदारले दिनरात नभनी काम गरिरहेका छन्। ट्रस्टका सदस्य डा अनिल मिश्राका अनुसार सिमेन्ट र स्टिलको प्रयोगविना तीन तलाको एक सय ६१ फिट अग्लो हुने यो मन्दिरको आयु एक हजार वर्षको रहनेछ। त्यसका लागि मन्दिरमा प्रयोग हुने ढुङ्गा, मार्बल र अरू सामग्री विशेष प्रकारको हुने मन्दिर निर्माण परियोजनाका व्यवस्थापक इन्जिनियर जगदीश आख्डेको भनाइ छ।

**मन्दिरको गर्भभाग देवशिला, त्यसैमा 'रामलला'**

हिन्दू धार्मिक मान्यताअनुसार भगवान् विष्णुका १० अवतारमध्ये छैटौँ अवतारका रूपमा भगवान् रामको जन्म त्रेतायुगमा अयोध्यामा र विवाह जनकनन्दिनी जानकीसँग भएको थियो। त्यसैले जहाँ राम, त्यहाँ सीता वा माता जानकी जोडिनु स्वाभाविक नै हो । त्यसैले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले 'नेपालविना राम पनि अधुरा' र उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्य नाथले 'सीता माताविना अयोध्या अधुरो' भनी पटकपटक बोलिरहनुभएकै छ। यही कारणले पनि लामो विवादपछि बन्न लागेको राम मन्दिरमा नेपाल र माता जानकीसँग जोडिएको चिनो राख्नुपर्थ्यो नै। त्यही कुराको पहलकदमी नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले लिनुभयो । "सुरुमा राम र सीताको विवाहसँग जोडिएको धनुष उपहार दिने विषयमा संवाद प्रारम्भ भयो, त्यही क्रममा विशेष प्रकारको शिलामा रामको मूर्ति बनाउने कुरा थाहा भयो", निधिले रासससँग भन्नुभयो, "म आफैँले जानकी मन्दिरका महन्थलाई यसमा सहमत गराउँदै भारतीय पक्षसामु नेपालबाट त्यस्तो शिला उपलब्ध गराउने प्रस्ताव राखे, त्यो कुरा भारतीय पक्षले पनि स्वीकाऱ्यो। त्यसैको परिणाम कालीगण्डकीको देवशिला अयोध्या पुगेको छ।"

शिलाविज्ञ एवं कालीगण्डकी अभियन्ता डा कुलराज चालिसेले पनि निधिकै आग्रहमा भगवान् विष्णुसँग जोडिएको शालिग्राम पाइने पवित्र नदी कालीगण्डकीबाट शिला पठाउने निधो भएको र त्यस क्रममा एक सय आठ स्थानमा रहेका शिलाको अध्ययनपश्चात् अहिलेका दुई शिला छनोट गरिएको बताउनुभयो । "मेरो नेतृत्वमा एक सय आठ स्थान छनोट गरेर गलेश्वरस्थित अन्धगल्छीबाट शिला लिने कुरा थियो तर त्यहाँको गहिराइका कारण शिला ल्याउन गाह्रो भएपछि नजिकको स्थानमा रहेका दुई सय शिलामध्ये पाँचवटा छनोट गरियो । परीक्षण गर्दा अयोध्या पठाइएका दुई शिला उपयुक्त देखियो," डा चालिसेले भन्नुभयो, "श्रीराम मन्दिर एक हजार वर्षसम्म रहने र अहिले छनोट गरिएका शिला हजारौँ वर्षसम्म रहनेसक्ने देखिएपछि रामको बालस्वरूप मूर्ति बनाउन ती दुई शिलालाई सिफारिस गरेका हौँ।"


म्याग्दीको बेनी नगरपालिका-६ ठूलोपहिरोस्थित कालीगण्डकी नदी किनारबाट उत्खनन गरिएका १८ र १६ मेट्रिक टन तौल भएका शिला सात फिट लम्बाइ, पाँच फिट चौडाइ र ३.५ फिट मोटाइका छन् । यिनै शिलामध्येको सानो शिलामा रामललाको स्वरुप कुँदिने छ।

**देवशिला : नेपाल–भारत सम्बन्धमा नयाँ आयाम**

नेपालसँगको पौराणिक, धार्मिक सम्बन्ध तथा नेपालका पवित्र कालीगण्डकी नदी र तीर्थस्थलहरूको व्याख्यान प्रशस्त भेटिन्छन् । केही समयअघि अयोध्या नेपालमै रहेको भनेर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ बहस सुरु गर्नुभयो । तर त्यसको वैज्ञानिक पुष्टि भइसकेको छैन । उता भारतमा भने झन्डै पाँच सय वर्षदेखिको विवाद साम्य हुँदै राम मन्दिर निर्माण हुँदैछ । सोही मन्दिरमा नेपालको देवशिलामा कुँद्न लागिएको रामललाको मूर्तिले दुई देशका धार्मिक, सांस्कृतिक सम्बन्धका साथै नागरिक तहको सम्बन्धमा नयाँ आयाम थप्नेछ। त्यसैको प्रमाण देवशिला यात्रा थियो।

"हिन्दू र मुसलमानको वर्षौंको विवाद समाधान भएर अयोध्यामा मन्दिर बन्दैछ, त्यही मन्दिरको गर्भभागमा लाखौँ मान्छेले पूजा गर्ने मूर्ति नेपालको शिलाबाट बन्दैछ, यसको महत्वको व्याख्या जति गरे पनि पुग्दैन", देवशिला हस्तान्तरणपछि भारतीय सञ्चारकर्मीलाई पूर्वउपप्रधानमन्त्री निधिले भन्नुभयो, "देवशिलाको महत्व यति छ, त्यो देवशिला रहेको पवित्र भूमिको महत्व झन् कति होला ? त्यसैले म नेपालको कालीगण्डकी नदी क्षेत्रमा पुग्न र त्यसको प्रचार गरिदिन पनि विशेष आग्रह गर्दछु।"

जनकपुर र नेपालको सम्बन्ध आदिकालदेखि चल्दै आएको हो । त्यसको व्याख्या इतिहासका थुप्रै धर्मग्रन्थहरूमा भएकै छ । अहिलेको आधुनिक समाजमा देवशिलाको माध्यमबाट त्यो सम्बन्धमा नयाँ आयाम थपिएको छ । यसले पक्कै पनि नेपाल-भारतबीचको सम्बन्धलाई थप प्रचार गर्दै नागरिक तहमा रहेको असमझदारीलाई चिर्न सघाउ पुगेको छ। "हामीले नेपालको पौराणिक महत्व, भारत र नेपालको धार्मिक सम्बन्ध सुनेकै, पढेकै हौ तर, धेरैपछि यो स्तरमा त्यो सम्बन्धलाई देख्न पाइएको छ", डा चालिसेले भन्नुभयो, "अब यसबाट लाभ लिने गरी हामीले अगाडि बढ्नुपर्दछ।" नेपालमा सामान्य ढुङ्गाका रूपमा हेरिएको शिलाप्रति भारतमा देखिएको चासो, आस्था र श्रद्धा साँच्चै अनुकरणीय छ। यसलाई धार्मिक आस्थाका रूपमा मात्रै नबुझी भारतवासीको आस्थालाई नेपालको धार्मिक पर्यटनसँग जोडेर जान सकेमा प्रशस्त लाभ उठाउन सकिने जानकारहरू बताउँछन्। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कान्छा मेयरको भ्रष्टाचार

२०७४ सालको स्थानीय तहको निर्वाचनमा धनुषा जिल्लाको शहीदनगर नगरपालिकाको मेयरमा निर्वाचित भएका उदयकुमार बरबरिया सबै भन्दा कान्छो थिए । उनी देशकै कान्छो मेयर भएकाले पटक पटक चर्चामा आउने गर्थे । माओवादी केन्द्रको टिकटबाट निर्वाचित भएका बरबरियाको नगरपालिकामा पूर्ण बहुमत रहेको थियो । पालिकामा बजेटको अपर्याप्तता थिएन् । संघीय गणतान्त्रिक व्यवस्थामा पहिलो चुनाव भएको थियो । सबै प्रणाली नयाँ भएकाले धेरै खोजबीन पनि भएको थिएन् । माओवादीको सर्वहारा भन्दै मेयर बरबरियाले सर्वग्रास गर्न थाले । नगरपालिकाको बजेटमा देशाटन गर्न थाले । ऐयाशीमा उनले धनुषामा मात्र नभै कयौं जिल्लामा सर्वाधिक अगाडि थिए । सुरा, सुन्दरी उनको शोभासुन्दर बनेको थियो । पालिकाको बजेट विकासको भन्दा ऐयाशीमा बढी खर्च हुने गरेको थियो । उनको कार्यकालमा शिक्षा, स्वास्थ्य लगायत कुनै पनि क्षेत्रमा उल्लेख्य काम हुन सकेन् । पालिकाको वडाहरुमा सडकको काम समेत भएको देखिएन् । उनले गरेका काम कागजमा सीमित भयो । पालिकाको बजेट खर्च भएको देखियो । तर कागजमा उल्लेख भएको विकास कतै देखिएन् । विकास निर्माणमा चरम भ्रष्टाचार भयो । अनेकौं उजुरीहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जिल्ला प्रशासन कार्यालय लगायतका निकायहरुमा परे । तर उनीमाथि तत्कालीन समयमा कुनै कारबाही भएन् । धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारी प्रदीपराज कर्णैंलले उनलाई लेनदेनको आधारमा संरक्षण प्रदान गरेका थिए । पालिकाको विकासमा खर्चिनुपर्ने रकम उनले विलासितामा खर्च गरे । पालिकाको रकमबाट उनी दुवई भ्रमण गरे । भ्रमणमा उनले तत्कालीन प्रशासकीय अधिकृतलाई समेत समावेश गरेका थिए । शहीदनगर नगरपालिकामा प्राप्त सरकारी रकमलाई मेयर आफ्नो निजी प्रयोजनका लागि आएको बुझ्रेर खर्च गरेको आरोप उनी माथि अझै पनि लाग्ने गरेको छ । उनीमाथि परेका कयौं उजुरीहरु मध्ये अख्तियारले एउटा उजुरीको किनारा लगाउँदै विशेष अदालतमा मुद्दा दायर गरेको छ । मेयर बरबरिया, उपमेयर शिलादेवी कापरी लगायत दर्जन माथि अख्तियारले मुद्दा दर्ता गरेको छ । बरबरियाले वडा नम्बर ८ को विषरभोरा नालादेखि गोठकोयलपुर सम्मको कृषि सडकमा काम भन्दा अत्यधिक रकम झिकेर अनियमितता गरेको अख्तियारको दाबी छ । नगरपालिकामा भएको आर्थिक अनियमितताको निष्पक्ष छानबिन भए बरबरिया कयौं मुद्दामा पर्न सक्छन् । उनले गरेको अनियमितताको सजाय मतदाताले दिइसकेका छन् । अब अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायहरुले छानबिन गरी कारबाहीको प्रक्रियालाई अगाडि बढाउनु पर्छ । जनताप्रति उत्तरदायी हुनुपर्ने मेयर विलासितामा लागेर बजेट सिध्याउने गरे । चुनावमा पराजित भएका बरबरियामाथि अख्तियारको कारबाही पनि कसिन थालेको छ । बरबरिया सहित कारबाहीमा परेका दर्जनमा केही बहालबला कर्मचारी, उपभोक्ता समितिका पदाधिकारीहरु पनि छन् । मेयरको आर्थिक अनियमिततामा सहयोगीको भूमिका निर्वाह गरेका थिए । मेयर बरबरियाकै कारण स्थानीय र आमनिर्वाचनमा माओवादीले नराम्ररी क्षति ब्यहोर्नु परेको थियो । भ्रष्टाचार गर्ने माथि भएको कारबाहीले अन्यलाई पनि सचेत हुन सावधान गराएको छ ।

# अर्थतन्त्रसित सम्बन्धित सर्वसाधारणको चिन्ता



सञ्जय साह मित्र

अहिले गहुँको भाउ बढेको छ । साधारण किसानको अपेक्षाभन्दा बढी नै गहुँको मूल्यमा वृद्धि भएको छ । यसै गरी धानको मूल्यमा पनि वृद्धि भएको छ । गहुँ र धानको मूल्यमा वृद्धि हुँदा किसान खुसी हुने भइ नै हाल्यो । साथ साथै अन्य क्षेत्रको मूल्यमा पनि निकै वृद्धि भएको छ । अन्य क्षेत्रको मूल्य वृद्धिले किसानको ढाड सेकिएको छ ।

किसानको अगाडि समयमा मलखाद पाए हुन्थ्यो भन्ने समस्या रहन्छ । लगातार केही समय देखि मलखाद नपाउँदा कतिपयले संघीयताले किसानलाई मल पाउनबाट नै वञ्चित गरेको भनेर आरोप लगाउन थालेका छन् । साधारण किसान एक बोरा मल लिन मलको डिलरमा कैयौं दिन धाउँदा पनि पाउँदैनन् । किसानहरुको भनाइ सोझो छ किमल त हामी आफ्नो पैसाले किन्छौं तर समयमा नै पाइयोस् । मलपाउने ठेगानामा मल लिन गएपछि पैसा लागोस् तर समय नलागोस् । मल किन्न धाउँदाको समय खेतीमा नै प्रयोग गर्न पाइयोस् ।

मल र पानी सित किसानको समृद्धिको कुरा जोडिएर आएको हुन्छ । किसान समृद्ध भए देश समृद्ध हुने कुरो सबैले बुझेका छन् । अहिले पनि यस देशमा सबैभन्दा बढी मानिस कृषिमा आश्रित छन् भन्दा पनि हुन्छ । जब कृषिले सन्तोषजनक आम्दानी दिन थाल्दछ तब किसानले पाउने सन्तुष्टि हो । किसानले कुन रुपमा बढी सन्तुष्टि पाउँछन् भने उत्पादनको मूल्य पाउने आशा हुन्छ । अहिले तरकारीको भाउ खासै छैन तर धान र गहुँ किसानभने सन्तुष्ट छन् । धान र गहुँको मूल्यमा भएको वृद्धिले किसानलाई उत्साहित अवश्य बनाएको छ । सिंचाइको सहज सुविधा किसानलाई छैन । यसकारण किसानले अपेक्षा गरेजस्तो तरकारी वा अन्नबाली खेतमा लगाउन सकिरहेका छैनन् । बाली लगाए पनि समयमा सिंचाइ गर्न सकिरहेका छैनन् । बालीलाई पानी दिन सकिरहेका छैनन् । मल दिन सकिरहेका छैनन् । यस कारण सरकारले सिंचाइमा सहजता ल्याउन खेत खेतमा विद्युत पोल पुऱ्याउने अभियान संचाल नगर्ने हो भने किसानको हातमा पानी हुनपाउँथ्यो र आवश्यकता नुसार पानी पटाउन पाउँदा पक्कै बालीको उत्पादनमा वृद्धि हुनपाउँथ्यो । बालीको उत्पादनमा वृद्धि हुँदा राज्यलाई पनिनिकै फाइदा हुने हुन्छ ।

सर्वसाधारणले देखिरहेका छन् कि मानिस सित पैसाको अभाव भएको छ । साधारण मजदुरले पनि काम पाउन मुस्किल भएको छ । पहिले भन्दा घर बनाउन निकै कम भएको छ । इँटा उद्योगहरु धमाधम बन्द हुनुको पछाडि यही कारण विद्यमान देखिन्छ कि इँटाके बिक्री नै छैन । घर बनाउने मिस्त्रीहरुमा पनि बेरोजगारी बढेको छ । किराना र औषधि पसल बाहेक अन्य क्षेत्रका व्यावसायीहरुले सन्तुष्टि जनाउने गरेको छैनन् किनभने एउटै भनाइ छ पहिले जस्तो बेपार नै छैन । कोही बैंक तिर ऋण लिन जान्छन् भने बैंकबाट जवाफ पाउँछ कि अहिले लगानी बन्द छ । ऋण लिएकाहरुले किस्ता तिर्न समस्या भइरहेको छ । यसैबिच केन्द्र सरकारले के के क्षेत्रको भन्दै बिस प्रतिशत बजेट कटौतीको कुरो सार्वजनिक भएको छ । सबै तिरबाट आर्थिक कुरामा सन्तोष जनक अभिव्यक्ति आउने गरेको छैन ।

युक्रेन र रुस युद्ध अझै सकिएको छैन । यसको प्रभावले भनिएको पेट्रोलियम पदार्थको मूल्यमा आएको वृद्धि कमहुने तत्काल सम्भावना पनि देखिँदैन । पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिले हरेक क्षेत्रको मूल्यमा गरेको वृद्धि र त्यसबाट सर्वसाधारण नागरिकको जीवनमा परेको प्रभावले समाज मुक्त हुन सकेको छैन । यस्ता केही सत्य वा केही तथ्य तथा केही हल्लाको भरमा पनि सर्वसाधारणमा देशको आर्थिक अवस्थाबारे चिन्ताहरु अभिव्यक्त हुन थालेका छन् । तर पछिल्लो समय आर्थिक क्षेत्रमा देश सबल बन्दै गएको तथ्यांकहरु धमाधम सार्वजनिक भइरहेका छन् ।

*सर्वसाधारणले देखिरहेका छन् कि मानिस सित पैसाको अभाव भएको छ । साधारण मजदुरले पनि काम पाउन मुस्किल भएको छ । पहिले भन्दा घर बनाउन निकै कम भएको छ । इँटा उद्योगहरु धमाधम बन्द हुनुको पछाडि यही कारण विद्यमान देखिन्छ कि इँटाके बिक्री नै छैन । घर बनाउने मिस्त्रीहरुमा पनि बेरोजगारी बढेको छ । किराना र औषधि पसल बाहेक अन्य क्षेत्रका व्यावसायीहरुले सन्तुष्टि जनाउने गरेको छैनन् किनभने एउटै भनाइ छ पहिले जस्तो बेपार नै छैन । कोही बैंक तिर ऋण लिन जान्छन् भने बैंकबाट जवाफ पाउँछ कि अहिले लगानी बन्द छ । ऋण लिएकाहरुले किस्ता तिर्न समस्या भइरहेको छ । यसैबिच केन्द्र सरकारले के के क्षेत्रको भन्दै बिस प्रतिशत बजेट कटौतीको कुरो सार्वजनिक भएको छ । सबै तिरबाट आर्थिक कुरामा सन्तोष जनक अभिव्यक्ति आउने गरेको छैन ।*

चालू आर्थिक वर्षमा आयातमा निकै कमीआएको छ । करिब एक्काइस प्रतिशतले निर्यातमा कमी आउँदा देशबाट विदेशमा जाने पैसामा बचत भएको छ । देशले चालू आर्थिक वर्षको पहिलो छ महिना अर्थात् आर्थिक वर्षको आधावर्षमा सात खर्ब बयानबे अर्ब सतसठी करोड रुपैयाको मात्र बस्तु तथा सेवाको आयात गरेको छ देशले । देशमा वैदेशित मुद्राको संचितिमा पनि विस्तार भएको छ । पुस मसान्त सम्म विदेशी मुद्राको संचिति तेर खर्ब सैतिस अर्ब उन्तीस करोड रुपैया पुगेको छ । नेपाल राष्ट्र बैंकको अनुमान अनुसार विदेशी मुद्राको संचितिले दश महिना सम्मको वस्तु आयात र नौ महिनासम्म वस्तु तथा सेवाआयात र कम्तीमा छ महिना वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी मुद्रा संचिति रहेको छ । यसलाई राम्रो अवस्था मान्न थालिएको छ ।

विदेशमा आउने रेमिटान्समा निकै सुधार भएको छ । विदेश जाने बढेका छन् । विदेश जाने बढ्दा र अझ विदेश जानखोज्ने गाउँगाउँमा पनि बढिरहेको पाइएको छ । गाउँबाट विदेश जान खोज्नेहरु अझ धेरै छन् । विदेशबाट रेमिटान्स गाउँमा पनि पुग्न थालेको छ । रेमिटान्सले गर्दा पनि देशको आर्थिक स्थितिमा सुधार आएको बुझ्न सकिन्छ । चालू आर्थिक वर्षको प्रथम छ महिनामा देशले खासै रकम खर्च गर्न सकेको छैन । सरकारी कर्मचारी मागएको तलब भत्ता बाहेक विकास निर्माणको काममा छ महिनामा हुनुपर्ने खर्चको रकम निकै कम देखिएको छ । देशको चालु खाता अहिले पनि घाटामा रहेको छ । तर पनि गतवर्षको तुलनामा चालु खातामा रहेको घाटामा केही सुधार भएको छ । गतवर्ष सरकारले आर्थिक वर्षको सुरुको छ महिनामा पाँच खर्च छ अर्ब सतचालिस करोड रुपैया खर्च गरेको थियो भने सोही अवधिमा पाँच खर्ब बयालिस अर्ब पाँच करोड रुपैया बराबरको राजस्व परिचालन गरेको थियो ।

अहिले त वैदेशिक रोजगारीले देशको अर्थतन्त्रमा केही सकारात्मक प्रभाव पारेको छ तर अर्थविद्हरुले वैदेशिक रोजगारी दीर्घकाल सम्म देशको लागि त्यत्ति राम्रो नहुने गरेको बताउने गरेका छन् । यद्यपि वर्तमानमा भने रेमिटान्सको योगदानलाई राम्रो मान्नु पर्ने अवस्था रहेको छ । यसै गरी अबको दिनमा थप दुई तत्वले झन् सकारात्मक प्रभाव पार्ने सम्भावना रहेको छ । पहिलो कुरो त देशले विद्युत उत्पादनमा प्रगति गरेको छ जसलाई अब निर्यात गर्न थालिएको छ । विद्युत निर्यात गर्दा देशलाई फाइदा पुग्ने विश्वास गरिएको छ । चालू आर्थिक वर्षको सुरुको केही महिना र अघिल्लो आर्थिक वर्षको अन्तिम केही महिना विद्युतलाई भारतीय बजारमा बेचिएको थियो । अब गर्मी लागे सँगै नेपालका विद्युत उत्पादन बढ्ने देखिएको छ । देशका खपत भएर बढी हुने बिजुली भारतीय बजारमा बिक्री हुने गरेको छ । यसबाट देशले राम्रो आम्दानी लिने विश्वास रहेको छ । यसलाई निकै सकारात्मक संकेतको रुपमा मान्न सकिन्छ । अर्को पनि यसै सित जोडिएको छ । बिजुलीको खपत बढ्दा देशमा पेट्रोलको खपतमा केही कमी आएको देखिएको छ । अब नेपालमा विद्युतीय गाडी प्रयोग गर्नेहरु विस्तारै बढिरहेका छन् । एक जना विद्युतीय गाडी प्रयोग कर्ताका अनुसार गत छ महिनामा उसको जम्मा खर्च पचिस हजार रुपैया भएको छ गाडीमा । गाडीलाई एक चोटि लगेर मेन्टेनेन्स गराउनु पर्दा करिब दुई हजार खर्च भयो र छ महिनामा जहाँ जाँदा पनि सबै गरेर विद्युतमा करिब बाइस हजार रुपैया खर्च भएको छ । हरेक दिन गाडी प्रयोग गर्ने ती मानिस पहिलेको गाडीको तुलनामा यसमा केही खर्च नै नभएको बताउँछन् । उनी सम्झन्छन् - पहिले म दुई दिनको लागि काठमाडौं जाँदा खल्तीमा कम्तीमा दश हजार रुपैया बोकेर हिँड्नुपर्थ्यो, आफ्नो खाना र गाडीको इन्धनको लागि तर आज भोलि दुई हजार रुपैयाँ बोकेर हिँडिरहेको छु जुन केवल खानामा खर्च भइरहेको छ । गाडीमा कुनै खर्च नै छैन । उनको विचार छ - विद्युतीय गाडी चढ्नेले अप्रत्यक्ष रुपमा देशको ठूलो सेवा गरिरहेका छन् ।

देशको अर्थतन्त्रप्रति सर्वसाधारणको चासो बढेको छ । कतिपय संचार माध्यमले नकारात्मक समाचार प्रवाहगर्दा अलिकति चिन्ता बढ्नु स्वाभाविक हो तर देशको अर्थतन्त्र एकदमै कमजोर भएको होइन, विस्तारै सुधार हुँदै बलियो हुँदै गएको सन्देश पनि प्रवाहित हुनु आवश्यक छ । मुख्य रुपमा सर्वसाधारण किसानले मल र बिउका साथै सिंचाइको सुविधा सरल र सहजतरिकाले पाउने हो भने गाउँका साधारण किसानले पनि अब आर्थिक अवस्था सुधार गर्ने अवसर आउँदैछ भन्ने कुरा धान र गहुँको मूल्यमा आएको वृद्धिले देखिन्छ ।

# क्यान्सर रोकथाम तथा नियन्त्रणको लागि क्यान्सर रजिस्ट्रेशनको महत्व



उमा काफ्ले

GLOBOCAN को पछिल्लो तथ्यांक अनुसार विश्वमा सन् २०२० मा मात्र एक करोड ९३ लाख नयाँ क्यान्सर बिरामी देखिएका छन् र एक करोड मानिस २०२० मा मात्रै क्यान्सरको कारणले ज्यान गुमाएका छन् । विश्वमा देखिएका सबै क्यान्सर मध्य ५७ प्रतिशत क्यान्सर निम्न तथा मध्यम स्तरको आय भएका देशहरुमा मात्र रहेका छन् साथै क्यान्सरबाट हुने मृत्युको ६५ प्रतिशत हिस्सा यीनै देशहरुले ओगटेको छ । GLOBOCAN ले गरेक ो सन् २०४० सम्मको आंकलन हेर्ने हो भने न्युन मानव विकास सुचाङ्क भएका देशहरु (जस्तै Niger, Sudan, Burundi लगायतका अन्य अविकसित देशहरु) मा अहिलेको भन्दा ९६ प्रतिशत (लगभग दोब्बर ), मध्यम HDI भएका देश (जस्तै नेपाल, पाकिस्तान जस्ता विकासशिल देशहरु) मा ६४.७ प्रतिशत, उच्च HDI भएका देशमा ५६.२ प्रतिशत र अति उच्च HDI भएका देश (जस्तै Swizerland, Canada, Australia लगायतका अन्य बिकसित देशहरु) मा ३२.२ प्रतिशत वृद्धि हुने आंकलन गरिएको छ।

अनुसन्धानका तथ्यांकहरु हेर्दा विकसित देशहरुमा क्यान्सर नभएको होइन तर यिनीहरुको उच्चस्तरीय क्यान्सर रोकथाम तथा नियन्त्रण सम्बन्धि नीति निर्माण तथा कार्यान्वयनसंगै क्यान्सर हुने दर घट्नुको साथै क्यान्सरबाट हुने मृत्युदर घटाउन निकै सफल भएका छन् ।


नेपालमा क्यान्सरको स्थिति

नेपाल स्वास्थ्य अनुसन्धान परिषदले गरेको पछिल्लो अनुसन्धान (Nepal Burden या Disease Study, 2019) अनुसार सन् १९९० मा मृत्युको छैठौ प्रमुख कारक तत्वको रुपमा रहेको क्यान्सर २०१९ मा मृत्युको तेस्रो प्रमुख कारक भएको पाइएको छ । विभिन्न अनुसन्धानले देखाए अनुसार नेपालमा प्रति एक लाख मानिसमा १०२ जनालाई क्यान्सर देखिएको छ र प्रति एक लाख मानिसको मृत्यु मध्य ८६ जना मनिस क्यान्सरको कारणले मर्ने गरेको पाइएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषदले गरिरहेको जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्रीको पछिल्लो रिपोर्ट अनुसार काठमाडौं उपत्यका लगायत देशका विभिन्न नौवटा जिल्लामा मात्रै सन् २०१८ मा ३,३४९ र सन् २०१९ मा ३,२९५ जना नयाँ क्यान्सरका बिरामी दर्ता भएका छन्।

GLOBOCAN Nepal का अनुसार सन् २०२० मा मात्रै २०,५०८ जना क्यान्सरका नयाँ बिरामी देखिएका छन् तथा १३,६२९ जना मानिसले क्यान्सरको कारणले ज्यान गुमाएका छन् र बढ्दो शहरीकरण, अवस्थकर खानपिन, वायु प्रदुषण, बढ्दो विलाशिता (Physical inactivity) को कारणले यो संख्या बर्सेनी बढिरहेको पाइन्छ। सबै ठाउँमा एकै किसिमको disease pattern देखिन्छ भन्ने छैन, शैक्षिक अवस्था, भोगोलिक अवस्था, खानपिन तथा व्यवहारको कारणले फरक फरक क्यान्सरहरु प्रमुख रुपमा देखिन्छन् । जुन हाल भैरहेको जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्री (PBCR) ले प्रस्ट देखाइ रहेको छ । PBCR को पछिल्लो तथ्यांक अनुसार काठमाडौं उपत्यकामा महिलामा क्रमशः स्तन, फोक्सो, पाठेघरको मुख, पित्तथैली र अण्डाशयको क्यान्सर प्रमुख रहेका छन् भने पुरुषमा क्रमश फोक्सो, पेट, प्रोस्टेट, आन्द्रा र मुत्रथैलीको क्यान्सर प्रमुख क्यान्सरको रुपमा देखा परेको छ ।

मधेश प्रदेशका चारवटा जिल्लामा भइरहेको क्यान्सर रजिस्ट्रीले महिलामा स्तन, पाठेघरको मुख, पित्त थैली,फोक्सो र अण्डाशयको क्यान्सर क्रमश प्रमुख देखिएका छन् भने पुरुषमा मुख, फोक्सो, पेट, पित्त थैली र कलेजोको क्यान्सर देखिएका छन् ।

इतिहास हेर्ने हो भने सर्बप्रथम जर्मनीको हमबर्ग (Hamburg) स्टेट सरकारले क्यान्सर नियन्त्रणमा मेडिकल तथा वैज्ञानिक विचारले मात्र भन्दा जनस्वास्थ्य तथा आर्थिक हिसाबले पनि सोच्नु पर्छ (Cancer control involves not only medical and scientific but also public health and economic aspect) भन्ने उद्देश्यका साथ सन् १९२९ मा जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्री सुरु गरेको थियो। यसरी गरिएको क्यान्सर रजिस्ट्रीको तथ्यांक क्यान्सरको महामारी (Cancer Epidemiology) अधययन गरि रोग नियन्त्रण गर्न विशेष प्रभाभकारी हुने देखिएपछि क्रमश अमेरिका, डेनमार्क, क्यानाडा, ईङ्गल्याण्ड, न्युजील्याण्ड, नर्वे लगायतका संसारका धेरैजसो देशहरुले दशकौ देखि जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्री गरिरहेका छन् र क्यान्सरलाई सम्बन्धित निकायमा अनिवार्य रुपमा सूचना दिनु पर्ने नियम गराई Notifiable disease घोषणा गरि निरन्तर क्यान्सर रजिस्ट्रीको माध्यमबाट क्यान्सर रोकथाम तथा नियन्त्रण सम्बन्धी रणनीति बनाई कार्य गर्दै आइरहेका छन् ।



हाम्रै छिमेकी देशहरुमा हेर्ने हो भने भारतमा सन् १९६३ मा मुम्बइबाट सुरु भई हाल सम्म ३१ स्थानमा PBCR भैरहेका छन् भने चीनमा सन् १९५९ मा Linzhou city बाट सुरु गरिएको क्यान्सर रजिस्ट्री ५७४ वटा स्थानमा भैरहेको छ । के विकसित तथा विकासशील देशहरुले यसको महत्व नहुँदा नहुँदै पनि लगानी गरिरहेका हुन् त? हाम्रो देशले यसको महत्व कहिले बुझ्ने ?

**क्यान्सर रजिस्ट्रेसनमा नेपालको अवस्था के छ त ?**

नेपालमा पनि क्यान्सर रजिस्ट्री सुरु नभएको होइन। सर्वप्रथम नेपालकै प्रमुख मानिने बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले सन् १९९५ मा अस्पतालमा आधारित क्यान्सर रजिस्ट्री (HBCR) सुरु गरेको हो जुन २००३ मा देशका विभिन्न १२ वटा अस्पतालहरु संग सहकार्य गरि राष्ट्रिय क्यान्सर रजिस्ट्रेशन कार्यक्रम (National Cancer Registry) सुरु गरेको थियो । तर अहिले २० वर्ष कटिसक्दा सम्म यस कार्यक्रम कसरी चलिरहेको छ भन्ने हेक्का पाउन गार्हो हुन्छ । HBCR गर्न कुनै Uniform Registration system को विकास गरिएको छैन । रजिस्ट्रीको लागि समर्पित जनशक्ति को र कति जना हो भन्न सक्ने अवस्था छैन बर्सौ देखि रजिस्ट्री गरिरहेता पनि कुनै अनुसन्धान गर्नु पर्दा पुनः फाइल नखोजी नहुने अवस्था छ । जमाना क्यान्सरको वर्गिकरण गर्न I nternational Classification of Disease for Oncology (ICD–O–3) मा पुगिसक्यो हाम्रो देशको HBCR ICD 10 मा नै अड्डिकरहेको छ । आखिर किन यस्ता कार्यक्रमले संस्थामा स्थान पाउन नसकेको हो त? अस्पतालमा उपलब्ध सेवाको गुणस्तर मापन गर्ने मुख्य आधार नै HBCR हो नि होइन त ?

नेपाल स्वास्थ्य अनुसन्धान परीषदले सन् २०१८ देखि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक सहयोग र विश्व स्वास्थ्य संगठन र क्यान्सर अनुसन्धानको लागि अन्तर्राास्ट्रिय निकाय, IACR (International Agency for research on Cancer) को प्राविधिक (Capacity Building and Data quality check) सहयोगमा देशका विभिन्न नौ वटा जिल्लाहरुमा जनसख्यामा आधारित क्यान्सर रजिस्ट्री गरिरहेको छ । यसले रजिस्ट्री गरिएका जिल्लाहरुमा बसोबास गर्ने सबै जनसंख्यालाई समेटेको छ र नेपाल सरकारलाई अन्तरास्ट्रिय स्तरको क्यान्सरको तथ्यांक दिईरहेको छ ।

सुरुवाती समयमा उर्षयित उचयनचक्र को रुपमा नौ वटा जिल्लामा सुरु गरिएको यो रजिस्ट्री ५ वर्ष पुग्दा पनि तेती नै जिल्लामा सिमित रहन पुगेको छ । यस रजिस्ट्रीलाई देशब्यापी रुपमा विकास गर्नको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग छलफल नभएको पनि होइन । ए बाबा ! हाम्रो स्वास्थ्य मन्त्रालयलाई के कस्ता कार्यक्रमहरु देशको अग्रगामी हितमा काम गर्छन भन्ने कुरा थाहा नभएको हो र ? मन्त्रालयलाई चलाउने चिकिस्तक अनि जनस्वाथ्यकर्मीहरु नै होइन र ? अर्बौ रुपैयाँ उठ्ने राष्ट्रिय कर कोषको बजेटबाट बर्षमा २ करोड खर्च गरेर राष्ट्रिय स्तरमा क्यान्सर रजिस्ट्री गर्न सरकारले नसक्ने त होइन नि ? तर बिडम्बना सबै क्षेत्रमा राजनीति अनि कमिसन ! सधै आफ्ना आसे पासेका अस्पताललाई अनुदान अनि दुई चार ओटा survey गर्यो पैसा सक्यो न त्यो पैसाको कुनै टुंगो लाग्छ न कुनै प्रभाभकरिता !

नेपालमा मात्रै पछिल्लो समयमा ७१ प्रतिशत मानिस नसर्ने रोगको कारणले मर्न लागिसकेका छन् कहिलेसम्म हामी मलेरिया र टिबी मात्रै भनिरहने हो त ? १८/१९ वर्ष अगाडी माओबादी द्वन्दको बेलामा १७,००० मानिस मारिएको कुरालाई अझै पनि मुख्य बहसको मुद्दा बनाइन्छ । जबकी हरेक वर्ष २०,००० भन्दा धेरै मानिस क्यान्सरको कारणले जिउदै मरेका छन्, परिवारमा एक जनालाई क्यान्सर हुँदा उसको दोस्रो तेस्रो पुस्तासम्मलाई आर्थिक भार परिरहेको हुन्छ। क्यान्सर भएपछी बिरामीको त कमाउने बाटो बन्द हुने नै भयो घरका अरु सदस्यले समेत काम छोडेर बिरामीको स्याहार गर्नु पर्दा थप आर्थिक भार पर्न जान्छ ।

अझै क्यान्सर अस्पतालका छेउछाउमा रहेका होटल रेस्टुरेन्टहरुले उत्तिकै ब्रमलुट परिरहेका हुन्छन । सरकारले दिएको १,००,००० रुपैयाँ ६/७ महिना अस्पताल परिसरमा बसेर खान पनि पुग्दैन । यति भैसक्दा पनि प्रभाभकारी रुपमा क्यान्सर रोकथाम तथा नियन्त्रणमा सम्बन्धित निकायको खासै चासो भएको देखिदैन। किनकि नेपालमा कुन ठाउँमा कस्तो क्यान्सर रोकथाम कार्यक्रमको जरुरत छ भन्ने मर्गदर्शन गर्ने PBCR लाई खासै स्थान दिइएको छैन र यस सम्बन्धी नियमन गर्ने कुनै आधिकारिक निकाय नै छैन ।


हुन त विभिन्न स्वास्थ्य संस्थाले अनुदान पाएसम्म पाठेघरको क्यान्सर परिक्षण गरेका उदाहरण प्याट्ट फुट्ट देखिन्छन तर यस्ता कार्यक्रमका योजना बनाउदा स्वास्थ्यकर्मीका गृहजिल्ला, घुम्न जान मन लागेका स्थानहरुका आधारमा गरिने गरिन्छ ताकी यसको आवश्यकताको आधारमा होइन । अनि हरेक क्षेत्रमा पाठेघर मात्रै हेरेर हुन्छ ?, सुर्ती अनि चुरोटका खोलमा सानो अक्षरले स्वस्थ्यका लागि हानिकारक छ है मात्र भनेर पुग्छ र ? उता क्ष्लमष्ब मा हेरौ त मुम्बई टाटा मेमोरियल केन्द्रमा मात्रै Tobacco quite कार्यक्रमको प्रभाकारी परामर्शको माध्यमबाट दैनिक हजारौ जनताले सुर्तीजन्य बस्तु त्यागेका छन् ।

एउटा क्यान्सर अस्पतालको लागि चाहिने सम्पूर्ण पूर्वाधार तथा जनशक्ति जुटाउन सक्ने संस्थालाई मात्र संचालन अनुमति दिने नियम कहिले बनाउने ? आजभन्दा ३ बर्ष अगाडि बजेट भाषण हुँदा नेपाल सरकारको मातहतमा Cancer Institute खोलिने छ भनेर बोलिएको थियो। खै त्यो कहाँ सेलायो ? जनता लाटा छन् भन्नि ठानेर सधै बोलेर मात्र हुन्छ योजना अनुसारको कार्यान्वयन गर्नु पर्दैन ?

(उमा काफ्ले नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्रीमा अनुसन्धान अधिकृतको रुपमा कार्यरत छिन्।) सौजन्य :स्वास्थय खबर

# मतदातालाई अभिभावकत्व दिन्छौँ : डा कोइराला

चितवन । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले चितवन क्षेत्र नं २ का मतदातालाई अभिभावकविहीन नठान्न आग्रह गर्नुभएको छ । नेपाल प्रेस युनियन बागमती प्रदेशको प्रथम अधिवेशन मंगलबार सौराहामा उद्घाटन गर्दै उहाँले यस क्षेत्रका प्रतिनिधिसभा सदस्य रिक्त रहे पनि मतदातासँगसँगै कांग्रेस रहेको बताउनुभएको हो ।



चितवन क्षेत्र नं २ बाट निर्वाचित सांसद रवि लामिछानेको सांसद पद सर्वोच्च अदालतले खारेज गरेपछि यहाँ उपनिर्वाचन हुँदैछ । कोइरालाले भन्नुभयो, “तपाइँ मतदाताहरूले फेरि दुःख पाउनु पर्‍यो । ढुक्क भएर लोकतान्त्रिक शक्तिलाई जिताउनेतर्फ तपाइँहरू लाग्नुस् ।”

उहाँले अन्य राजनैतिक दलहरूसँग छलफल गरेर राष्ट्रपतिमा कांग्रेसको उम्मेदवारलाई विजयी गराउने बताउनुभयो । नेता कोइराला भन्नुभयो, “सत्तासीन केही दलले कांग्रेसले भाँजो हाल्न खोज्यो भनेका छन् तर हामी संसद्को ठूलो दल भएकाले हाम्रो जिकिर यसमा रहन्छ ।” प्रतिपक्षमा रहेर आफ्नो भूमिका निर्वाह गर्ने उहाँको भनाइ थियो । राष्ट्रपतिको निर्वाचनमा कांग्रेसले आफ्नो उम्मेदवारलाई विजयी गराउने गरी अघि बढेको नेता कोइरालाले बताउनुभयो । प्रतिपक्षी भनेको ‘गभरमेन्ट इन ओइटिङ’ रहेको उहाँको भनाइ थियो । अहिले देश अत्यन्तै अफ्ठ्यारो मोडमा रहेको बताउँदै नेता कोइरालाले यसलाई कसरी समाधान गर्ने भन्ने विषमा कांग्रेसमा छलफल भइरहेको बताउनुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले प्रेसजगत् माथि प्रश्न नउठ्ने गरी काम गर्नुपर्ने बताउनुभयो । उहाँले पछिल्लो समय सङ्गठन बनाउनुभन्दा गुट बनाउन लागेका कारण कांग्रेस कमजोर बनेको बताउनुभयो । सदस्य भट्टराईले भन्नुभयो, “गुट निर्माणमा होइन सङ्गठन निर्माणमा लागौँ ।”

अर्का केन्द्रीय सदस्य डा गोविन्द पोखेलले कमजोरी दबाउने काममा प्रेसजगत् लाग्न नहुने बताउनुभयो । अहिले देशमा देखिएको समस्या समाधानका लागि पत्रकारहरू एक भएर लाग्नुपर्ने उहाँको भनाइ थियो । केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले लोकप्रियताको नाममा लोकतन्त्र सिध्याउने खेल सुरु भएको बताउनुभयो । उहाँले भन्नुभयो, “लोकतन्त्र सिध्याउने खेलको विरुद्ध कलम चलाउन जरुरी छ ।”

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष बिपुल पोखेलले कुण्ठा पोख्ने नाममा पत्रकारजगत्माथि आक्रमण बढेको बताउनुभयो । यस्ता घटनाको निन्दा गर्दै उहाँले त्यस्ता क्रियाकलापप्रति सजग रहन पत्रकारहरूलाई आग्रह गर्नुभयो । नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले पत्रकारको न्यायका लागि सबै एक भएर लाग्न जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल प्रेस युनियनका पूर्वअध्यक्ष किरण पोखेल, नेपाल प्रेस युनियनका उपाध्यक्ष नकुल अर्याल, महासचिव दिलीप पौडेल, नेपाल प्रेस युनियनका संस्थापक शोभाकर पराजुली, नेपाली कांग्रेस चितवन सभापति राजेश्वर खनाल, प्रतिनिधिसभा सदस्य रामनाथ अधिकारी, नेपाल प्रेस युनियनका पूर्ववरिष्ठ उपाध्यक्ष दीपक आचार्य, दामोदर दवाडी, सामुदायिक रेडियो प्रकाशक सङ्घका महासचिव किशोरजङ्ग थापा थापा, नेपाल पत्रकार महासङ्घ बागमती प्रदेश अध्यक्ष शिव देवकोटा, नेपाल प्रेस युनियन चितवनका अध्यक्ष अनिल ढकाललगायतले बोल्नुभएको थियो ।

अधिवेशनमा उपत्यका बाहेकका १० जिल्लाका प्रतिनिधि सहभागी छन् । अधिवेशनले मंगलबारै प्रदेशको नेतृत्व चयन गर्ने प्रेस युनियन चितवन शाखाका सचिव प्रस्ताव सुवेदीले बताउनुभयो ।रासस

# राष्ट्रियसभाका उपाध्यक्ष अर्यालको शपथ

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नवनिर्वाचित उपाध्यक्ष उर्मिला अर्याललाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

राष्ट्रपति कार्यालयमा मंगलबार आयोजित समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा अध्यक्ष तिमिल्सिनाले उपाध्यक्ष अर्याललाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो । समारोहमा उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको उपस्थिति थियो । यस्तै, संवैधानिक निकायका प्रमुख तथा प्रतिनिधि, विभिन्न राजनीतिक दलका नेता तथा सञ्चारकर्मीको पनि सहभागिता थियो ।

उपाध्यक्ष अर्याल सोमबार मात्रै उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएको हो । उहाँले मंगलबारै आफ्नो पदभार ग्रहण गर्ने कार्यक्रम छ ।

**सहकार्य र समन्वयनबाट सभा सञ्चालनः उपाध्यक्ष अर्याल**

राष्ट्रियसभाका नवनिर्वाचित उपाध्यक्ष उर्मिला अर्यालले राष्ट्रियसभाको गरिमालाई कायम राखी सम्पूर्ण सासंदको सहकार्य र समन्वयनबाट निपक्ष रूपमा सभा सञ्चालन गर्न सक्दो प्रयास गर्ने बताउनुभएको छ । सिंहदरबारस्थित संसद् भवनमा पदवहालीपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उहाँले महिला सांसदको भूमिकालाई प्रभावकारी तुल्याउन आफूले विशेप ध्यान दिने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “राष्ट्रियसभा र प्रतिनिधिसभाका महिला सासंदलाई मुखरित गरेर महिला मुद्दालाई विशेष ध्यान दिई सहयोगको अनुकूल वातावरण सिर्जना गर्छु ।” उपाध्यक्ष पदको सानो भूमिकालाई प्रभावकारी बनाउन नयाँ शैलीबाट अगाडि बढ्ने उहाँको भनाइ छ ।

विसं २०१३ असोज २० गते साविक जगरनाथपुर गाउँपालिका-५ मसिहानी, पर्सामा जन्मनुभएका अर्याल हाल वीरगञ्ज महानगरपालिका-२३, गण्डक चोक निवासी हुनुहुन्छ । तत्कालीन नेकपाको चौँथो महाधिवेशनबाट वामपन्थी आन्दोलनमा लाग्नुभएका अर्याल गतवर्ष भएको राष्ट्रियसभाको निर्वाचनमा मधेस प्रदेशबाट निर्वाचित हुनुभएको हो ।

समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएका अर्याल विद्यावारीधिको शोधार्थी हुनुहुन्छ । अखिल नेपाल महिला सङ्घको केन्द्रीय अध्यक्षको जिम्मेवारी सम्हाल्नुभएका अर्यालले महिला विकास अधिकृतका रूपमा पनि सेवा गर्नुभएको छ ।रासस

# सरकारी बिदामा पुनर्विचार आवश्यकः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सरकारी बिदा धेरै भएकाले सेवा प्रवाह प्रभावित भएको र त्यसमा पुनर्विचार आवश्यक भएको बताउनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार प्रजातन्त्र दिवस मूल समारोह समितिको बैठकमा बोल्दै प्रधानमन्त्री दाहालले उक्त कुरा बताउनुभएको हो ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, “हाम्रा सरकारी बिदाहरू धेरै भए । यसले जनताका काम गर्ने समय कम भएको छ, सेवा प्रवाहमा समस्या देखिएको छ । यसबारे पुनर्विचार आवश्यक छ भनेर हामीले मन्त्रिपरिषद्मा पनि छलफल गरेका छौँ । गृहकार्य गरेर यसमा पुनर्विचार गर्नुपर्छ ।”

प्रधानमन्त्रीले प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र दिवसमा एकै प्रकृतिका कार्यक्रम गर्रिंदै आएकाले त्यसबारे थप छलफल आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले गणतन्त्र, प्रजातन्त्र, लोकतन्त्र दिवस मनाउँछौँ । तर, ती सबै कार्यक्रमको चरित्र एउटै छ । त्यसलाई कसरी एकीकृत गर्ने, राष्ट्रिय दिवसमा जनताको सहभागिता कसरी गर्ने भन्नेबारे पनि छलफल आवश्यक छ ।”

बैठकले आगामी फागुन ७ गते विविध कार्यक्रमका साथ प्रजातन्त्र दिवस मनाउने निर्णय गरेको छ । त्यसका लागि प्रधानमन्त्रीको संयोजकत्वमा मूल समारोह आयोजक समिति गठन गरिएको छ ।

नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षबाट जहानियाँ निरङ्कुश राणाशासनको अन्त्य गर्दै लोकतन्त्रको प्रक्रियामा अघि बढेको ऐतिहासिक दिनको स्मरणमा प्रजातन्त्र दिवस मनाउने गरिएको छ ।रासस

# समितिका निर्देशन कार्यान्वयन भए नभएको परीक्षण हुने



काठमाण्डु । संसदीय समितिमा राजनीतिक दलका शीर्ष नेताको नियमितरुपमा अनिवार्य उपस्थितिदेखि विषयगत समितिको संख्या बढाउनुपर्छ भन्नेसम्मका विषयमा गहन छलफल भएको छ ।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको आजको बैठकमा नियमावली माथिको छलफलमा स्वार्थ बाजिएका सांसदलाई समितिमा राखिन नहुने तथा दिएका निर्देशन सरकारले अनिवार्य पालना गर्ने व्यवस्थाका लागि सुझाव दिइयो । समितिले क्षेत्राधिकार नाघेर समितिले निर्देशन दिन नहुने तथा दिएका निर्देशन कार्यान्वयन भए नभएको परीक्षण गर्न विशेष समिति बनाउन पनि सुझाव प्रस्तुत भएको छ ।

समिति सदस्य एवं पूर्वसभामुख सुवास नेम्वाङले संसद र समितिका गतिविधिलाई पारदर्शी र जवाफदेही तुल्याउन निर्देशन पालनामा कडाइ तथा विधेयकमाथिको छलफलमा सरकारका मन्त्रीको उपस्थित हुने व्यवस्था गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

समिति सदस्य एवं पूर्वमन्त्री रमेश लेखकले कानुन निर्माण र सरकारका कामको अनुगमन गर्ने भूमिकामा रहेका संसदीय समितिलाई प्रभावकारी तुल्याउन क्षेत्राधिकार नाघेर निर्देशन दिने कार्यलाई रोकेर बैठकमा उठेका विषयलाई मन्त्रीले सुन्ने र जवाफदेही बनाउन आवश्यक रहेको बताउनुभयो ।

सांसद महेश बर्तौलाले स्वार्थ बाझिएकालाई समितिमा जानबाट रोक्ने नियमावलीमै व्यवस्था हुनुपर्छ भन्नुभयो । समिति सदस्य प्रेम सुवालले संसद् र समितिले दिएका निर्देशनको पालना गर्न तथा नियमित बैठकमा नआउने सदस्यलाई हटाउने व्यवस्था गर्न ध्यानाकर्षण गराउनुभयो ।

सांसद अम्रेशकुमार सिंहले समिति गठनको १५ दिनभित्रै सभापतिको चयन तथा प्रवेश गरेको एक वर्षभित्रै अनिवार्यरुपमा विधेयक पारित गर्ने व्यवस्था हुनुपर्छ भन्नुभयो । सांसद लिला श्रेष्ठले विगतदेखि नै गम्भीररुपमा प्रश्न उठेकाले स्वार्थ बाजिएका व्यक्तिलाई समितिमा राखिन नहुने धारणा राख्नुभयो ।

समिति सदस्य एवं पूर्वमन्त्री हितराज पाण्डेले हाल कायम रहेका १० विषयगत समितिको कार्य जिम्मेवारी हेरफेर र परिमार्जन आवश्यक रहेको विचार प्रकट गर्नुभयो ।

सांसद सीता गुरुङले समिति सभापतिको चयनमा समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्न नियमावलीमै त्यो व्यवस्था गर्न सुझाव दिनुभयो ।रासस

# दैलेखमा पेट्रोलियम अन्वेषण गरिने मन्त्रिपरिषद्को निर्णय

काठमाण्डु । सरकारले दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा पेट्रोलियम अन्वेषण गर्ने भएको छ । उक्त प्रयोजनका लागि का लागि जलजलेमा ४५ रोपनी जग्गा अधिग्रह गर्ने सोमबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न मंगलवार सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले पेट्रोलियम अनवेषणका लागि सो जग्गा प्राप्तिका लागि स्वीकृति दिने निर्णय गरेको बताउनुभयो । मन्त्रिपरिषद् बैठकले नागमती बाँध आयोजनाको कार्यान्वयनका अघि बढाउन काठमाडौँको गोकर्णेश्वर नगरपालिका-१ मा रहेको करिब १४ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिएको छ ।

त्यस्तै, बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देललाई दक्षिण अफ्रिकामा हुने आइडब्लुएमआइ छलफलमा भाग लिन स्वीकृति दिएको छ ।

**रक्षामन्त्रीको भारत भ्रमण**

रक्षामन्त्री हरिप्रसाद उप्रेतीले आगामी फागुन १ देखि ५ गतेसम्म भारत भ्रमण गर्नुहुने भएको छ । मन्त्रिपरिषद्को बैठकले रक्षामन्त्री उप्रेतीको नेतृत्वको भारत भ्रमण स्वीकृत गर्ने निर्णय गरेको सञ्चारमन्त्री रेग्मीले बताउनुभयो । उहाँले रक्षामन्त्रीको भारत भ्रमण नियमित सुरक्षासम्बन्धी दुई देशीय छलफलको आयोजना गर्ने बैठक भएको बताउनुभयो ।

त्यस्तै बैठकले आगामी फागुन ५ र ६ गते भारतमा आयोजना हुने नेपाल-भारत विद्युत् व्यापार सम्झौताअन्तर्गतको संयुक्त कार्य समूह तथा संयुक्त सञ्चालक समितिको दशौँ बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने निर्णय गरेको छ ।

त्यसैगरी अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको आयोजनामा अष्ट्रियाको भियनामा आगामी चैत ६ गतेदेखि ८ गतेसम्म हुने ‘टीसी एसिया एन्ड दि प्यासिफिक एनएलओ वर्कसप’ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) प्रमिलादेवी शाक्य बज्राचार्यलाई भाग लिन स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

बैठकले फागुन १ गतेदेखि ३ गतेसम्म थाइल्याण्डको बैंककमा हुने क्षयरोग, एचआईभी एड्स र मलेरियासम्बन्धी दक्षिण पूर्वी एसिया क्षेत्रका मुलुकको गोष्ठीमा भाग लिनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिव डा सङ्गीता कौशल मिश्रलाई सहभागी हुन स्वीकृति दिने निर्णय भएको सञ्चारमन्त्रीले बताउनुभयो । रासस

## पूर्व सांसद एवं कांग्रेस नेता घलेको निधनप्रति दुःख व्यक्त

काठमाण्डु । नेपाली कांग्रेसले पार्टीका नेता एवं पूर्वसांसद कर्मा घलेको निधनप्रति दुःख व्यक्त गरेको छ । कांग्रेस मनाङका महासमिति सदस्य घलेको मंगलवार दिउँसो उपचारको क्रममा महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा ५९ वर्षको उमेरमा निधन भएको हो ।

उहाँको निधनप्रति कांग्रेस संसदीय दल गहिरो दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवार तथा आफन्तजनप्रति समवेदना प्रकट गरेको छ । कांग्रेस प्रमुख सचेतक रमेश लेखकले आज शोक विज्ञप्तिमार्फत उहाँको असामयिक निधन भएको घटनाले कांग्रेस संसदीय दलका तर्फबाट दुःख व्यक्त गर्नुभएको छ । नेता घले लामो समयदेखि क्यान्सर रोगबाट ग्रसित हुनुहुन्थ्यो ।

स्व घले २०७४ सालमा समानुपातिक तर्फबाट प्रतिनिधिसभा सदस्य हुनुभएको थियो । नेपालका हरेक लोकतान्त्रिक आन्दोलनमा सदैव सक्रिय भूमिका निर्वाह गर्दै आउनुभएका नेता घले शालिन एवं सरल व्यक्तिको रुपमा परिचित हुनुहुन्थ्यो । रासस

# पस्मिना उद्योगबाट आम्दानी वृद्धि गर्न सकिन्छ : मन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले पस्मिना उद्योगबाट आम्दानीमा वृद्धि गर्न सकिने बताउनुभएको छ । उहाँले पस्मिना निर्यातको प्रमुख वस्तुका रुपमा रहँदै आएको उल्लेख गर्नुभयो ।

ललितपुरमा मंगलवार आयोजित राष्ट्रिय पस्मिना क्षेत्र निर्यात रणनीति तर्जुमा सार्वजनिक कार्यक्रममा मन्त्री भण्डारीले पस्मिना उद्योगबाट उद्योगी, व्यापारी तथा निर्यातकर्तालाई मात्रै नभई च्याङ्ग्रापालक किसानलाई प्रत्यक्ष रोजगारीसँगै आम्दानी वृद्धि गर्न सकिने बताउनुभयो । विभिन्न प्रयासका बाबजुद आयात उच्चदरमा वृद्धि भएको उल्लेख गर्दै उहाँले निर्यात न्यून मात्रामा भएका कारण व्यापार घाटा उच्च दरमा बढ्दै जानु चिन्ताको विषय भएको बताउनुभयो ।

‘नेपाल सरकार, विकास साझेदार तथा निजी क्षेत्रको संयुक्त प्रयासबाट च्याङ्ग्राको भुत्ला प्रशोधन गरी पस्मिनाका लागि धागो उत्पादन गर्ने कारखाना स्थापना कार्य अघि बढाएका छौँ’, मन्त्री भण्डारीले भन्नुभयो, ‘च्याङ्ग्रापालक किसानले उत्पादन गरेको भुत्ला स्वदेशमै उचित मूल्यमा खरिद हुनाका साथै पस्मिनाको उत्पादन बढ्ने छ ।’ भविष्यमा नेपाली पस्मिनाको निर्यात उल्लेखनीय रुपमा बढ्ने अपेक्षा गरिएको छ ।

मन्त्रालयले युरोपियन युनियनको आर्थिक सहयोग तथा अन्तर्राष्ट्रिय व्यापार केन्द्रको प्राविधिक सहयोगमा सञ्चालित उक्त कार्यक्रमअन्तर्गत राष्ट्रिय पस्मिना क्षेत्र निर्यात रणनीति तर्जुमा गरेको उल्लेख गर्दै मन्त्री भण्डारीले पस्मिना व्यापारीले हाल भोगिरहेका समस्या तथा चुनौती सूक्ष्म रुपमा विश्लेषण गरी यस क्षेत्रको समग्र विकासमार्फत आगामी पाँच वर्षभित्र निर्यात गर्न सकिने लक्ष्य निर्धारण गरेको बताउनुभयो । रासस

# सूचना प्रविधिका क्षेत्रमा नेपाल प्रतिस्पर्धी : मन्त्री शर्मा

काठमाण्डु । सूचना प्रविधिको क्षेत्रमा नेपाल प्रतिस्पर्धी बन्दै गएको भए पनि आन्तरिक उत्पादन र सेवाको प्रवर्द्धन हुन नसक्दा यो क्षेत्र फस्टाउन नसकेको जानकारहरूले बताएका छन् ।

यहाँ मंगलबारदेखिसुरु भएको ‘इन्फो डेभलपर्स क्यान इन्फोटेक- २०२३’ प्रदर्शनीको उद्घाटन कार्यक्रममा बोल्नुहुँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यो सूचना प्रविधिको युग रहेको बताउँनुहुँदै यो राष्ट्रियतासँग पनि जोडिएको बताउनुभयो । अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउने यस क्षेत्रलाई राज्यले संरक्षण र प्रवर्द्धन गर्न नसकेको उहाँको भनाइ छ ।

“आर्थिक समृद्धिका लागि सूचना प्रविधिको योगदान महत्वपूर्ण छ । यो राजस्व बढाउने र राष्ट्रियता स्थापित गर्न सकिने क्षेत्र रहेछ । सानो-सानो कुरामा ध्यान दिँदा अर्बौं राजस्व जोगिने मात्र नभई यसबाट हामी राजस्व सिर्जना गर्न पनि सक्ने रहेछौँ । राष्ट्रियता जोगाउने सवालमा पनि प्रविधि क्षेत्रको भूमिका महत्वपूर्ण छ”, मन्त्री शर्माले भन्नुभयो । सूचना प्रविधि क्षेत्रलाई राज्यले प्राथमिकतामा राख्न नसक्दा जनशक्ति विकासमा उल्लेख्य प्रगति हुन नसकेको पनि उहाँले बताउनुभयो ।

“विगतमा राजनीतिक अस्थिरताका कारण मुलुकको आर्थिक विकासका लागि कुन क्षेत्रलाई प्राथमिकतामा राख्ने भनेर अस्पष्टता रह्यो । हामीले जनशक्ति जोगाउन नसक्दा बाहिर जाने र त्यस्तो जनशक्ति हामीलाई चाहिँदा बाहिरबाट ल्याउनुपर्ने अवस्था छ”, शर्माले भन्नुभयो ।

जनतालाई आधारभूत सेवा प्रवाहमा पनि प्रविधिको प्रयोग बढाउँदै जान आवश्यक रहेको बताउनुहुँदै शर्माले प्रविधिको प्रयोगले सार्वजनिक सेवालाई पारदर्शी बनाउन सकिने उहाँको भनाइ छ ।

नेपालको सूचना प्रविधि क्षेत्रलाई अझ प्रतिस्पर्धी बनाउन विस्तृत अध्ययन गरेर अघि बढ्ने र कानुन बनाउने विषयलाई प्राथमिकतामा राखिने पनि मन्त्री शर्माले बताउनुभयो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले कोभिड महामारीपछि नेपालमा प्रविधिको प्रयोग बढेको बताउनुभयो ।

नेपालमा उत्पादित कतिपय प्रविधि विश्वस्तरमै प्रतिस्पर्धा गर्नसक्ने अवस्थामा रहेको उहाँको भनाइ छ । “नेपाल प्रविधिको क्षेत्रमा विश्वस्तरमै प्रतिस्पर्धी बन्नसक्छ । त्यसका लागि हामीले प्राथमिकतामा नेपाली उत्पादनलाई दिनुपर्छ”, ढकालले भन्नुभयो । हरेक सरकारी निकायमा नेपाली सफ्टवेयरको प्रयोगको नीति सरकारले लिनुपर्ने उहाँको सुझाव छ ।

त्यस्तै, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले प्रविधिका क्षेत्रमा सरकारी नीति सकारात्मक भए पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन नसकेको बताउनुभयो । “प्रविधि क्षेत्रमा लगानी गर्ने कम्पनीका लागि एकद्वार प्रणाली लागू हुन सकेको छैन । यो क्षेत्रमा कुनै विदेशी कम्पनीले लगानी ल्याएमा त्यसमा नेपाली कम्पनीलाई ‘जोइन्ट भेन्चर’मा लगानी गर्न सक्ने व्यवस्था लागू गरिनुपर्छ”, मल्लले भन्नुभयो ।

मुलुकलाई आर्थिक समृद्धि दिनका लागि सम्भाव्य तुलनात्मक लाभको क्षेत्रका रूपमा रहेको सूचना प्रविधि क्षेत्रलाई प्रवर्द्धन गर्न स्वदेशी जनशक्ति, सीप, प्रविधि र सेवालाई बढावा दिनुपर्ने उहाँको भनाइ छ । नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष बीरेन्द्रराज पाण्डेले नेपालले निर्यात गर्नसक्ने सूचना प्रविधि क्षेत्रबाट अर्थतन्त्रमा पनि महत्वपूर्ण योगदान हुने बताउनुभयो ।

नेपालले सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा सूचना प्रविधि (आइटी) पार्क बनाएर त्यहाँ राखिने कम्पनीका लागि कर छुट्को व्यवस्था गर्नुपर्ने पाण्डेले बताउनुभयो । क्यान महासङ्घका अध्यक्ष रणजितकुमार पोदारले सूचना तथा प्रविधि नीति २०७२ र डिजिटल नेपाल फ्रेमवर्क २०७६ ले लिएका उपलब्धि हासिल गर्न र ती नीतिको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षले भूमिका खेल्नुपर्ने बताउनुभयो ।रासस

# निर्मम समीक्षाका साथ अघि बढ्छौँ : नेता झा

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका नेता मनिष झाले निर्वाचनपछि पार्टीले गरेका कामको निर्मम समीक्षाका साथ नयाँ कार्ययोजना बनाएर अघि बढने बताउनुभएको छ ।

उहाँले निर्वाचनपछिको छोटो अवधिमा दलका सबै पदाधिकारीले एकछिन विश्राम नगरी निकै तीव्र गतिमा कार्यसम्पादन गरेको दलले निष्कर्ष निकालेको बताउनुभयो ।

नेता झाले भन्नुभयो, “पार्टी जहाँ छ, हामी जे अवस्थामा छौँ, त्योप्रति सबैको स्वीकारोक्ति छ, सबैले स्वामित्व लिएका छौँ । हामी सबै ठीक ठाउँमै छौँ ।” पार्टी अध्यक्ष रवि लामिछानेले समसामयिक विषयमा दिनुभएको अभिव्यक्तिप्रति सबै सदस्यको ऐक्यवद्धता र पूर्ण समर्थन रहेको उहाँको भनाइ छ । सासद् झाले राजनीति, निजी क्षेत्र, नागरिक समाजले जस्तै मिडियाबाट पनि आफ्नो जिम्मेवारी र भूमिकाको आत्मसमीक्षा जरुरी भएको दलको धारणा रहेको बताउनुभयो ।

मिडियाले राष्ट्रियता, सार्वभौम, सुरक्षा, संविधानपालना गराउने जस्ता विषयमा अन्तरनिहित स्वार्थ स्वभाविक भए पनि कुनै व्यक्ति र दल विशेषलाई निशाना बनाउन खोज्नुहुन्न भन्ने रास्वपाको मत रहेको उहाँले उल्लेख गर्नुभयो । अनुसन्धानकर्तासमेत रहनुभएका झाले राससससँगको कुराकानीमा भन्नुभयो, “सात महिनाको अवधिमा जुन क्षमता, दक्षता, रणनीति लिएर राष्ट्रिय दलको भूमिकामा पुगिएको छ, अबको गन्तव्य भनेको बाचापत्रमा लेखिएका विषय सङ्गठनलाई बलियो बनाएर कार्यन्वयनमा लगिनेछ ।”

युवा पुस्ताले राजनीतिक दललाई कसरी सञ्चालन गर्न सक्छन् भनी उदाहरण प्रस्तुत गर्ने अठोट व्यक्त गर्दै उहाँले भन्नुभयो, “पछिल्लो पत्रकार सम्मेलन अर्को कार्यदिशामा हिँड्नका लागि टर्निङ प्वाइन्ट हो ।”रासस

टर्कीए भूकम्प

# झण्डै पाँच हजार जनाको मृत्यु



एपी

अदना । टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा सोमबार भएको भूकम्पमा परी हालसम्म चार हजार नौ सय ८३ जनाको मृत्यु भएको छ। भग्नावशेषमा परिणत भएका हजारौँ भवनका भूमिमा उद्धारकर्मीहरू पीडितलाई जीवितै उद्धार गर्ने ध्येयका साथ खटेका छन् । यो दैवी विपत्तिमा ज्यान गुमाउनेको सङ्ख्या बढ्नसक्ने आपत्कालीन सुरक्षाकर्मीले बताएका छन् ।

उद्धार तथा राहतका काम प्रभावकारी ढङ्गले अघि बढाउन विश्वका विभिन्न मुलुकले सहयोगी टोली परिचालन गरेका छन् । टर्कीएका विपद् व्यवस्थापन निकायका अधिकारीले २४ हजार चार सय कर्मचारी भूकम्प प्रभावित स्थानमा परिचालन भएका बताएका छन् । करिब छ हजार भवन भत्केकाले सबै स्थानमा सहायता परिचालन गर्न कठिन भएको छ । कठ्याङ्ग्रिने चिसो तथा बारम्बारको पराकम्पका कारण उद्धार तथा राहतका कामलाई द्रुत गतिमा सम्पादन गर्न हम्मेहम्मे परेको छ । अहिलेसम्म झण्डै दुई सय पराकम्प भएकाले जोखिम मोलेर उद्धारमा जुट्न विलम्ब भएको छ।

हाताए प्रान्तको राजधानी अन्तक्या नगरकी नरगुल अतायाले भग्नावशेषबाट आफ्नी आमाले गुहार मागेको धेरै बेर भएका एपीलाई बताइन् । पर्याप्त उद्धारकर्मी र भग्नावशेष पन्साउने विशाल उपकरण नहुँदा उनकी आमाको उद्धार हुन सकेको छैन । सत्तरी वर्षकी आफ्नी आमाले भग्नावशेषमा आफूलाई सम्हाल्न नसक्ने दुखेसो उनको छ। भूकम्पको केन्द्रविन्दुभन्दा दक्षिणपश्चिमको हाताए प्रान्तका एक हजार पाँच सय भवनमा क्षति भएको छ । भवनका भग्नावशेषमा फसेका धेरै मानिस उद्धारको प्रतीक्षामा छन् ।

टर्कीएको दक्षिणपूर्वी प्रान्त काह्रामानमारास केन्द्र भएर भएको शक्तिशाली भूकम्पको धक्काले दमास्कस र बेरुतका बासिन्दालाई घरबाट बाहिर निस्कन बाध्य पारेको थियो भने काह्रामानमारासभन्दा धेरै पर अवस्थिति इजिप्टको राजधानी कायरोमा पनि भूकम्पको झट्का महसुस गरिएको थियो। भूकम्पपीडितहरूले खेलस्थल, व्यापार मेला आयोजना गर्ने स्थानका साथै खुला आकाशमुनि आगो बालेर रात गुजारेका थिए ।

चिकित्सा सहायता प्रदान गर्ने डक्टर्स विदाउट बोडर्सले सिरियाको इड्लिब प्रान्तमा आफ्ना सहकर्मीलाई गुमाएको बताएको छ। साथै ती डाक्टरका परिवारका अन्य सदस्यको पनि भैँचालोमा ज्यान गएको छ । सिरियास्थित उक्त संस्थाका प्रमुख सेवास्टियन गेले उत्तरी सिरियामा घाइतेहरूको ठूलो भीड लागेकाले दिनरात चिकित्साकर्मी उपचारमा संलग्न भएका बताएका छन् ।

सिरियासँगको सीमा क्षेत्रमा परिचालन भएका देशका सैनिकलाई उद्धारमा परिचालन गरिएको टर्कीएका रक्षामन्त्री हुलुसी अकरले बताउनुभएको छ । सेनाको अङ्कारास्थित मानवीय सहायता गुल्म पनि सहायताका निम्ति काममा खटिएको छ। आठ वटा सैनिक टोलीले प्रभावित क्षेत्रमा सेवा खोजतलासका काम जारी राखेको छ। मन्त्री हुलुसीका अनुसार जल सेना पनि सहयोगका निम्ति तम्तयार छ।

गाजीयान्तेप शहरका बासिन्दाले खेलमैदान, रङ्गशाला, किनमेल केन्द्र, मस्जिद र सामुदायिक केन्द्रहरूमा आश्रय लिएका छन् । टर्कीका दश वटा प्रान्तमा कम्तीमा ती हजार तीन सय ८१ जनाको ज्यान गएको तथा २० हजारभन्दा बढी घाइते भएका सरकारी अधिकारीहरूले जानकारी दिएका छन् । टर्कीएका राष्ट्रपति रिसेप ताइएप एर्दोगानले सात दिन राष्ट्रिय शोक घोषणा गर्नुभएको छ।

यसैगरी सिरिया सरकारको अधिनमा रहेका भूभागमा सात सय ६९ जनाको मृत्यु भएको छ भने एक हजार चार सय ५० जना घाइते भएका छन् । विद्रोहीको पकड रहेको उत्तरपश्चिमी भेगमा चार सय पचास जनाले ज्यान गुमाएका छन् भने सयौँ घाइते भएका छन्।

## पाकिस्तानले भूकम्प प्रभावित टर्कीएमा राहत सामग्री, चिकित्सा र उद्धार टोली पठायो



सिन्ह्वा

इस्लामाबाद । पाकिस्तानले टर्कीएको भूकम्प प्रभावित क्षेत्रमा राहत सामग्री र चिकित्सा र उद्धार टोली पठाएको आधिकारिक विज्ञप्तिमा मङ्गलबार जानकारी दिइएको छ ।सेनाले उद्धार विशेषज्ञहरू, स्निफर कुकुरहरू र खोज उपकरणहरू सहितको शहरी खोज र उद्धार टोलीसहित दुई दलहरू पठाएको पाकिस्तानी सेनाको मिडिया विंग इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स ९आईएसपीआर० ले एक विज्ञप्तिमार्फत जनाएको छ।

सेनाले सेनाका चिकित्सक, नर्सिङ स्टाफ, प्राविधिकसहितको टोली, ३० शैंयाको घुम्ती अस्पताल, टेन्ट, कम्बललगायतका राहत सामग्री पठाएको विज्ञप्तिमा उल्लेख छ ।टर्कीए सरकार, सशस्त्र सेना र इस्लामाबादमा टर्की दूतावाससँग नजिकको समन्वयमा काम गर्दै टर्कीएका जनताका लागि राहत कार्यहरु गर्न सोमबार राति विशेष पाकिस्तान वायुसेनाको विमानमार्फत सहायता दलहरू अडाना, टर्कीए उडेको आईएसपीआरले जनाएको छ।

पाकिस्तान इन्टरनेशनल एयरलाइन्स ९पीआईए० को एक विमान १५ टन सहयोग बोकेको र राज्य आर्थिक संगठनका कर्मचारीहरू सहितको ५० सदस्यीय सदस्य मङ्गलबार टर्की प्रस्थान गरेको सरकारी कार्यालयले जानकारी दिएको छ।

विमान लाहोरबाट इस्तानबुलसम्म १५ टन मानवीय सहायता पनि लैजानेछ । सहयोगमा जाडो टेन्ट, कम्बल र अन्य अत्यावश्यक सामुग्रीहरु सामेल हुनेछन्। फेब्रुअरी ८ देखि, प्रत्येक दिन १५ टन मानवीय सहायतासहित पीआईएको उडान पाकिस्तानबाट टर्किए र सिरिया पठाइने विज्ञप्तिमा जनाइएको छ।

गत सोमबार गएको ७।८।भूकम्पमा चार हजारभन्दा बढी व्यक्तिको मृत्यु भईसकेको छ। पाकिस्तान स्वास्थ्य मन्त्रालयको टोली पनि दुई देशको लागि प्रस्थान गर्ने बताइएको छ ।रासस

## चीनद्वारा साठी लाख अमेरिकी डलर सहयोग घोषणा

सिन्ह्वा

बेइजिङ । चीनले टर्कीएका भूकम्प पीडितका लागि ६० लाख अमेरिकी डलर सहयोग उपलब्ध गराउने घोषणा गरेको छ। आपत्कालीन सहायताअन्तर्गत उक्त रकम टर्कीएलाई उपलव्ध गराउने घोषणा भएको हो।

साथै चीनको रेडक्रसले टर्कीए र सिरियालाई दुई लाख अमेरिकी डलरको आपत्कालीन सहायता प्रदान गर्ने जनाएको छ। टर्कीए र सिरियामा भूकम्पबाट भएको जनधनको क्षतिप्रति शोक प्रकट गर्दै बेइजिङले दुवै देशसँग सम्पर्कमा रहेको बताएको छ।

यसअघि अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीज र न्युजिल्याण्डका प्रधानमन्त्री क्रिस हिप्किन्सले भूकम्प प्रभावित टर्कीए र सिरियाका लागि एक करोड १५ लाख अमेरिकी डलर सहयोगको घोषणा गर्नुभएको थियो।

**उद्धार टोली टर्कीए जादै**

भूकम्प प्रभावित टर्कीएलाई सघाउन उद्धारकर्मी र राहत सामग्रीसहित भारतीय वायुसेनाका थप दुई विमान पठाउने भएको छ। उद्धार तथा राहतका कार्यमा सहयोग गर्न ६० पारा फिल्ड अस्पताल र कर्मचारीसहित आज साँझ र पछि टर्कीमा थप दुई वटा भारतीय वायुसेना विमान टर्कीए पठाइने रक्षा अधिकारीहरूले बताएका छन् । आगरास्थित आर्मी फिल्ड अस्पतालले ८९ सदस्यीय मेडिकल टोली पठाएको छ । यसैगरी भारतले पठाएको सहायताको पहिलो खेप टर्कीएको अदाना पुगेको छ।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड रोमुआल्डेज मार्कोसले भूकम्प पीडितहरूको खोजी, उद्धार र सहयोगका निम्ति ८५ सदस्यीय टोली टर्कीए पठाउने बताउनुभएको छ। उहाँले फिलिपिन्सको टोलीमा स्वास्थ्यकर्मी र इन्जिनियर रहने आज पत्रकारहरूलाई जानकारी दिनुभयो।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको निर्देशनअनुसार उद्धारमा सहयोग गर्न एक सयभन्दा बढी रुसी उद्धारकर्ता टर्कीए पुगेका छन्। खोज र उद्धारमा उपयोग हुने एन्डोस्कोप, ध्वनिक उपकरण, जियोराडार र थर्मल इमेजरसहित रुसी टोली त्यहाँ पुगेको हो।

त्यसैगरी संयुक्त राष्ट्रसङ्घका विभिन्न विशिष्टिकृत निकाय पनि राहत सामग्री लिएर टर्कीए पुगेका छन् । विश्व स्वास्थ्य सङ्गठन, विश्व खाद्य कार्यक्रमको टोली भूकम्प प्रभावित क्षेत्रमा पुगेको छ। रासस

## टर्की र सिरियाका भूकम्पपीडितका लागि राष्ट्रसंघको आकस्मिक उद्धार र सहयोग

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । सोमबार टर्की र सिरियामा आएको शक्तिशाली भूकम्पका पीडितका लागि संयुक्त राष्ट्रसङ्घले विशेष उद्धार तथा सहयोग कार्यक्रम सञ्चालन गरेको छ। संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरुले उत्तरी सिरिया र दक्षिणपूर्वी टर्कीको नियन्त्रणमा रहेको सिरियाली भूभागमा केन्द्रविन्दु रहेको ७.८ म्याग्निच्यूडको भूकम्पमा परेकाहरुको उद्धारको काम सुरु गरेका हुन्।

सो भूकम्पमा परेकाहरुको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घले विशेष टोली पठाएको बताइएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सो कुराको जानकारी दिनुभएको हो।

उहाँले सो भूकम्पका कारण ज्यान गुमाएका परिवारहरुलाई समवेदना व्यक्त गर्दै आफू ती परिवारका सदस्यहरुको साथमा रहेको बताउनुभएको छ। उहाँले सबैभन्दा पहिला सो भूकम्पमा परी पुरिएकाहरुको उद्धारमा लाग्न संयुक्त राष्ट्रसङ्घीय उद्धार अधिकारीहरुलाई भन्नुभएको छ।

उहाँले भूकम्पको क्षतिको आँकलनका साथै त्यसमा परेकाहरुको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय र अधिकारीहरु त्यहाँ पुगेका जानकारी दिनुभएको छ ।अमेरिकी भौगर्भिक सर्भेका अनुसार स्थानीय समयानुसार सोमबार बिहान ४:१७ बजे टर्कीको दक्षिणपूर्वी क्षेत्रमा पर्ने सिरियाली गाजियान्टेप नजिकै १७.९ किलोमिटरको गहिराईमा केन्द्रविन्दु भई ७.८ म्याग्निच्युडको भूकम्प गएको छ।

भूकम्पमा परी सिरियाको अलेप्पो, लाटकिया, हामा र टार्टस प्रान्तमा धेरैको मृत्यु भएको छ। भूकम्पको धक्का लेबनान, सिरिया र साइप्रससम्म पनि महशुस गरिएको थियो।

## इजरायली सेनाको आक्रमणमा किशोर मारिए

एएफपी

नाब्लस । इजरायली सेनाले कब्जा गरेको वेस्ट बैंक सहर नाब्लसमा मङ्गलबार एक प्यालेस्टिनी किशोरको गोली हानी हत्या गरेको प्यालेस्टिनी स्वास्थ्यमन्त्रालयले जनाएको छ।

मन्त्रालयले १७ वर्षीय हमजा अमजद अल-अश्कारको मृत्यु भएको घोषणा गरेको छ । उनलाई ‘नाब्लसमा आक्रमणको क्रममा कब्जा गर्ने (इजरायली) सैनिकले अनुहारमा गोली हानेर मारेको जनाइएको छ।

इजरायली सेनाले घटनाको विवरण अनुसन्धान गरिरहेको बताएको छ। सहरमा इजरायली छापा मार्दा तीन जनालाई पक्राउ गरिएको एक प्यालेस्टिनी सुरक्षा स्रोतले जनाएको छ।

अलगरूपमा, आधिकारिक प्यालेस्टिनी समाचार एजेन्सी वाफाले जेनिनको फ्ल्यासपोइन्ट शहरनजिकैको बुर्किनमा करिब २० प्यालेस्टाइनीलाई पक्राउ गरिएको बताएको छ । हालैका महिनामा वेस्ट बैंकका शहरमा इजरायली आक्रमणहरूबाट मृत्यु हुनेको संख्या बढ्दै गएको छ।

गत सोमबार, इजरायली सेनाले जोर्डन उपत्यकाको जेरिको शहरमा संदिग्ध व्यक्तिको खोजीपछि छापा मारेर पाँच संदिग्ध प्यालेस्टिनी बन्दुकधारीलाई मारेको जनाइएको छ । यस वर्षको सुरुदेखि हालसम्म इजरायल-प्यालेस्टाइन द्वन्द्वले ४२ प्यालेस्टाइनीहरूको ज्यान लिइसकेको छ।

सन् १९६७ को छ दिने युद्धपछि इजरायलले वेस्ट बैंक कब्जा गरेको थियो । सन् २००५ मा संयुक्त राष्ट्रसङ्घले उक्त क्षेत्रमा हताहतीको तथ्याङ्क लिन थालेयता गत वर्ष वेस्ट बैंकमा सबैभन्दा घातक वर्षको रुपमा रहेको जनाइएको छ।

त्यहाँ दुई सय ३५ जनाको मृत्यु भएको र यसमा लगभग ९० प्रतिशत प्यालेस्टाइनतर्फको रहेको थियो।

## पहिरोमा परी ३६ को मृत्यु

सिन्ह्वा

लिमा। पेरुमा पहिरोमा परेर कम्तीमा ३६ जनाको ज्यान गएको बताइएको छ। पेरुको दक्षिणी प्रान्त क्यामानामा गएको पहिरोमा परी उनीहरुको ज्यान गएको हो।

दक्षिणी प्रान्त क्यामानाको अरेकिपा क्षेत्रमा आएको पहिरोमा परेर अरु पनि कैयौँ व्यक्ति हराएका छन्। उनीहरु पुरिएको आशङ्का गरिएको बताइएको छ।

सोमबार आएको पहिरोबाट सोमबार रातिसम्म ३६ जनाको ज्यान गएको बताइएको छ। नेसनल सिभिल डिफेन्सका अधिकारीहरुका अनुसार पहिरोमा परेर मृत्यु भएकाहरुको शव राजमार्गमा भेटिएको थियो भने अरु कैयौँ व्यक्ति पुरिएको आशङ्कामा खोजी जारी राखिएको छ।

यस प्रान्तमा गएको एक हप्तादेखि भारी मात्रामा वर्षा जारी रहेको छ। सो वर्षाका कारण यहाँका राजमार्गहरुमा पनि क्षति पुगेको छ ।सो वर्षा र बाढीका कारण यहाँ पहिरो आएको र यस प्रान्तका कैयौँ क्षेत्रमा भारी वर्षाले हजारौँ मानिस प्रभावित भएका छन्।

प्रभावित भएका व्यक्तिहरुको उद्धारका लागि यहाँको सरकारले सुरक्षा निकाय तथा कैयौँ उद्धारकर्मी खटाइएको जनाएको छ।

## साफ यु-२० महिला फुटबलमा भारतलाई हराउँदै नेपाल फाइनलमा



काठमाण्डु । नेपाल साफ यु-२० महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । बङ्गलादेशमा जारी साफ च्याम्पियनसिपमा भारतलाई पराजित गर्दै नेपाल फाइनलमा प्रवेश गरेको हो।

ढाकामा मंगलवार भएको खेलमा नेपालले भारतलाई ३-१ गोल अन्तरले हराउँदै फाइनलमा स्थान पक्का गरेको हो। नेपालका लागि अन्जली चन्द, प्रिती राई र अमिषा कार्कीले एक एक गोल गरे। भारतका लागि अपूर्णा नार्जारीले सान्त्वना गोल गरिन्।

खेलको २१औँ मिनेटमा भारतकी अपूर्णाले गोल गर्दै आफ्नो टोलीलाई सुरुआती अग्रता दिलाएकी थिइन् । तर खेलको दोस्रो हाफमा भने नेपालले तीन गोल गऱ्यो । खेलको ४८ औँ मिनेटमा नेपालका लागि चन्दले गोल गर्दै खेललाई १-१ को बराबरीमा पुऱ्याइन् । खेलको ६९औँ मिनेटमा कप्तान राईले पेनाल्टीमार्फत गोल गर्दै नेपाललाई २-१ को अवस्थामा पुऱ्याइन् । खेलको ८९औँ मिनेटमा नेपालकी कार्कीले तेस्रो गोल गर्दै आफ्नो टोलीलाई जित दिलाइन्।

प्रतियोगितामा नेपालसहित आयोजक बङ्गलादेश, भारत र भुटान सहभागी छन् ।रासस

## आर्मीलाई हराउँदै पुलिस तेस्रो

काठमाण्डु । शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लब तेस्रो भएको छ ।त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा मंगलबार भएको खेलमा पुलिसले अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै तेस्रो स्थान हासिल गरेको हो

पुलिसले आर्मीलाई २५-२१, २५-२१ र २५-१९ ले हरायो। तेस्रो स्थान हासिल गरेको पुलिसले रु ७५ हजार पुरस्कार पायो। प्रतियोगिताको उपाधिका लागि साबिक विजेता नेपाल एपिएफ क्लब र न्यू डायमन्ड युथ स्पोटर्स क्लबबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताका विजेता टोलीले रू तीन लाख तथा उपविजेताले रु एक लाख ५० हजार पुरस्कार पाउनेछन्। रासस

## तेक्वान्दोका अब्बल प्रशिक्षक ‘गोविन्द गुरु’ गुमनाम

सुदूरपश्चिम । तेक्वान्दोको राष्ट्रिय प्रतियोगितामा लागतार पाँच स्वर्ण पदक जितेर ‘नेपाल टप’को सफलतासँगै चर्चा कमाउनुभएका ‘गोविन्द गुरु’ अर्थात् गोविन्द बिष्ट हाल गुमनाम हुनुहुन्छ।

तीन दशकअघिसम्म खेलप्रेमी माझ सुदूरपश्चिम र खासगरी धनगढीमा तेक्वान्दोका गोविन्द गुरुका नामबाट चिनिनु हुने उहाँ पछिल्ला वर्षमा तेक्वान्दो खेलका गतिविधि सुस्ताएसँगै चर्चा पनि हुन छाडेको हो।

विसं २०४४ देखि २०४६ सम्म भएका राष्ट्रिय प्रतियोगितामा सेती अञ्चलको टोलीबाट प्रतिस्पर्धा गर्नुभएका उहाँले ५० केजी तौल समूहको फिनवेट विधामा पाँच पटकसम्म स्वर्ण पदक जितेर ‘नेपाल टप’ खेलाडीको पहिचान बनाउन सफल हुनुभएको थियो।

विसं २०५२ देखि उहाँ जिल्ला खेलकुद विकास समिति कैलालीमा तेक्वान्दोको प्रशिक्षकका रूपमा कार्यरत हुनुहुन्छ। “खेल क्षेत्रको विकासमा राज्यले उचित ध्यान नदिँदा खेलाडी र प्रशिक्षकमा उत्साह देखिँदैन, प्रशिक्षकको वृत्ति विकासमा समेत उचित ध्यान दिइएको छैन”, धनगढी उपमहानगरपालिका निवासी उहाँले भन्नुभयो, “खेलकुदका गतिविधि अपेक्षित रूपमा बढ्न नसक्दा धेरै खेलका गतिविधि सुस्ताएका छन्।”

उहाँ खेलाडीलाई नियमित प्रशिक्षण दिइरहनुहुन्छ।“कार्यालयमाप्रशिक्षण दिने कामबाहेक खेलकुदका अन्य गतिविधि केही छैनन्”, उहाँले थप्नुभयो, “खेल सामग्री नभएर जसोतसो सिकाउँदैछु, तेक्वान्दो खेलाउने तरिका एवं विधा आफ्नो छुट्टै हुँदा खेलाडी सन्तुष्ट नै छन्।”

उहाँकै प्रशिक्षणबाट अब्बल खेलाडी बन्न सफल धेरैले राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पदक जितेर देशको नाम चिनाएका छन्।

चार पटक तेक्वान्दोको अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपाललाई स्वर्ण पदक जिताउन सफल दीपक बिष्टलाई उहाँले नै प्रशिक्षण दिनुभएको थियो।

बमबहादुर बम, माया शेर्पा, सन्तराम विक, सुनिल शर्मा, सरोज चौधरी, केशव भट्ट, निलम योञ्जन, जस्ता तेक्वान्दोका चर्चित राष्ट्रिय खेलाडीलाई पनि उहाँले नै प्रशिक्षण दिनुभएको थियो । यीमध्ये धेरै खेलाडी विदेश पलायन भइसकेको बताइएको छ। खेलकुदमै लागेर जीवन निर्वाह गर्ने वातावरण नभएपछि धेरै खेलाडी विदेश पलायन भएको बताइएको छ।

राष्ट्रिय प्रतियोगिता होस् वा अन्तर्राष्ट्रिय तेक्वान्दो, क्रिकेट, भलिबल, फुटवल, बक्सिङ जस्ता खेलमा सुदूरपश्चिमले धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी जन्माइसकेको छ।

> **सुदूरपश्चिम प्रदेश धेरै खेलका प्रतिभावान् खेलाडी जन्माउने ‘हब’ बन्दै गएको भए पनि पहुँच र चाकरीका आधारमा खेलाडीलाई अवसर दिने प्रवृत्ति नरोकिँदा राम्रो सम्भावना भएका खेलाडी ओझेलमा पर्दै गएको गुनासो खेलप्रेमीको छ। जसका कारण राम्रो सम्भावना भएका खेलाडीले अवसरबाट वञ्चित हुनुपर्ने भई खेल क्षेत्रमा टिक्न सकिरहेका छैनन्।**

प्रशिक्षित कतिपय खेलाडीलाई भने नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले आ-आफ्नो टिममा समेट्दा भने गोविन्द गुरु सन्तुष्ट हुनुहुन्छ । उहाँले थप्नुभयो, “आफूले सिकाएर प्रतियोगितामा मेडल जितेका खेलाडीलाई नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले बोलाउँदा सन्तुष्ट छु।”

तेक्वान्दो खेलको प्रशिक्षण दिन हेड, चेष्ट, ग्रोइन र सिन गार्ड, की प्याड, किड ब्यागजस्ता सामग्रीको आवश्यकता हुन्छ । तर धेरै सामग्रीको अभाव छ । डोजाङ्ग (खेल खेलाइने ठाउँ) को पनि धेरै जिल्लामा अभाव छ। यो खेल मानिसको शारीरिक तन्दुरुस्ती र आत्मसुरक्षाका लागि उत्कृष्ट र लाभदायी मानिन्छ। यो खेल दक्षिण कोरियाको राष्ट्रिय खेल पनि हो।

तेक्वान्दोप्रति बालबालिका, किशोरकिशोरी र वयस्क व्यक्तिको अभिरुचि बढ्दै गए पनि पूर्वाधारको अभावमा खेल्न पाउने वातावरण नभएको बताइन्छ।

राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्य एलबी विष्टले गोविन्द विष्ट तेक्वान्दो खेल क्षेत्रमा नेपालकै अब्बल खेलाडीको पहिचान बनाउँदै हाल प्रशिक्षक रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “सुरुका वर्षमा आफूले नै उहाँलाई तेक्वान्दोमा लाग्न उत्प्रेरित गरेको थिएँ, बिस्तारै उहाँले तरक्की गर्नुभयो, अहिले उहाँका चेलाले ओलम्पिक खेल खेलिसक्दा खुसी नै लाग्छ।”

आफ्नै पहलमा नेपालमा पहिलो पटक धनगढीबाट नै विसं २०३७ मा तेक्वान्दो खेल भित्रिएको एलवीको दाबी छ । “तत्कालीन पञ्चायती व्यवस्थामा शान्ति सुरक्षामा प्रतिकूल असर पुग्ने भन्दै यो खेल खेल्न प्रतिबन्ध लगाइएको थियो, कैलालीका प्रमुख जिल्ला अधिकारीले खेल खेलाएमा कारबाही गर्ने चेतावनी दिएको पत्र अहिले पनि आफूसँग सुरक्षित छ,” उहाँले भन्नुभयो, “त्यो समयमा लुकीछिपी यो खेल खेलिन्थ्यो, प्रशासनको दबाबका बाबजुद बिस्तारै यो खेल युवामाझ लोकप्रिय हुँदै गयो।”

सुदूरपश्चिम प्रदेश धेरै खेलका प्रतिभावान् खेलाडी जन्माउने ‘हब’ बन्दै गएको भए पनि पहुँच र चाकरीका आधारमा खेलाडीलाई अवसर दिने प्रवृत्ति नरोकिँदा राम्रो सम्भावना भएका खेलाडी ओझेलमा पर्दै गएको गुनासो खेलप्रेमीको छ। जसका कारण राम्रो सम्भावना भएका खेलाडीले अवसरबाट वञ्चित हुनुपर्ने भई खेल क्षेत्रमा टिक्न सकिरहेका छैनन्।

प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा खेलकुदको विकासलाई समेटेको छ । तर तिनको कार्यान्वयन पक्ष फितलो रहेको छ । सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दीपकबहादुर सिंह राष्ट्रिय खेलकुद परिषद्ले जिल्लामा रहेका खेलकुदका भौतिक संरचनासँगसँगै कर्मचारी प्रदेश खेलकुद परिषद् मातहत दिन आनाकानी गर्दा सोचेअनुसार खेलकुदका गतिविधि सञ्चालन गर्न समस्या भइरहेको बताउनुहुन्छ। रासस



**कुखुरा र अण्डा सडकमा याकेर विरोध** : झापाको बिर्तामोड नगरपालिकास्थित मुक्तिचोकमा मङ्गलबार कुखुरा र अण्डा सडकमा फ्याकेर विरोध गर्दै झापाली किसान। अण्डाको उचित मूल्य नपाएको भन्दै किसानले लेयर्स कुखुरा र अण्डा फालेर विरोध गरेका हुन्। *तस्बिर : रासस*

# चिलिमे–त्रिशूली प्रसारण आयोजना निरीक्षण



काठमाण्डु । युरोपेली सङ्घको उच्चस्तरीय टोलीले निर्माणाधीन चिलिमे-त्रिशूली दुई सय २० केभी क्षमताको प्रसारण लाइन आयोजनाको स्थलगत निरीक्षण गरेको छ।

सङ्घको एसिया निर्देशक पिटरिस अस्टस नेतृत्वको टोलीले सोमबार नुवाकोट र रसुवामा निर्माणाधीन आयोजनाको स्थलगत निरीक्षण गरेको हो। आयोजनाअन्तर्गत रसुवाको आमाछोदिङमो गाउँपालिकास्थित थम्बुचेत र नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबैँसीमा २२०/१३२/३३ केभीको क्रमशः चिलिमे हब र त्रिशूली थ्री बी हब सबस्टेसन निर्माणाधीन छन्।

साथै, चिलिमे हबदेखि त्रिशूली थ्री बी हब सबस्टेसनसम्म २८ किलोमिटर दुई सय २० केभी प्रसारण लाइन निर्माण भइरहेको छ। अनुमानित लागत तीन करोड ९० लाख अमेरिकी डलर रहेको आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्लू)को अनुदान रहेको छ। युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलितपूर्ण ऋण छ।

टोलीले त्रिशूली थ्री बी हब सबस्टेसन र रसुवाको उत्तरगया गाउँपालिका-२ स्थित डाँडागाउँमा निर्माणाधीन प्रसारण लाइनको निरीक्षण गरेको थियो। टोलीले नेपाल विद्युत् प्राधिकरण, आयोजना व्यवस्थापन, निर्माणमा संलग्न परामर्शदाता र ठेकेदारका प्रतिनिधिसँग आयोजनाको प्रगति, समस्या, निर्माण सम्पन्न हुने मितिलगायतका विषयमा छलफल गरेको थियो।

टोलीप्रमुख पिटरिस अस्टसले आयोजना निर्माणले गति लिएको र अहिलेसम्मको प्रगति सन्तोषकजनक देखिएको उल्लेख गरेको टोलीसँगै स्थलगत निरीक्षणमा पुग्नुभएका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो।

भौगोलिक रूपमा जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने र सडक नभएकाले ढुङ्गा, गिट्टी, बालुवा, टावरका सामान, मान्छे या खच्चडबाट बोकाएर लैजानुपर्ने, बाढीपहिरो, ठेकेदार तथा परामर्शदाताको कमजोर कार्यसम्पादन, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९ लगायतका कारणले आयोजनाको निर्माण प्रभावित हुँदै आएको थियो। अहिले निर्माणले गति लिएको छ।

"निर्माणमा केही ढिलाइ भएकामा उहाँहरूले विगतमा चासो र चिन्ता व्यक्त गर्दै आउनुभएको थियो, तर निरीक्षण भ्रमणका क्रममा कामले गति लिई प्रगति हासिल गरेको र भौगोलिक रूपमा जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा आयोजनाको काम भइरहेको देखेर टोलीले खुसी व्यक्त गर्दै यसको प्रशंसा गरेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

"युरोपेली सङ्घले इआइबीमार्फत नेपालको जलविद्युत्को उत्पादन, प्रसारण र वितरणमा ठूलो लगानी गर्न खोजेको छ, छ सय ३५ मेगावाटको दूधकोसी जलाशययुक्त आयोजनाको अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको सहवित्तीयकरणमार्फत लगानी गर्न इच्छा व्यक्त गरेको छ, युनियनका अधिकारीहरू चिलिमे-त्रिशूली प्रसारण लाइन निर्माणमा प्रगति देखिएपछि थप आयोजनामा लगानीका लागि सकारात्मक देखिएका छन्", उहाँले अगाडि भन्नुभयो।

इआइबीले चिलिमे-त्रिशूली प्रसारण लाइनका अतिरिक्त एक सय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना, मर्स्याङ्दी करिडोर दुई सय २० केभी प्रसारण लाइन र सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका जिल्लामा विद्युतीकरणका लागि सहुलियतपूर्ण ऋण प्रवाह गरेको छ। केएफडब्लूले नुवाकोट र रसुवामा विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण र सौर्य ऊर्जाका लागि अनुदान उपलब्ध गराएको छ।

त्रिशूली नदी र त्यसका सहायक खोलामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाहलाई चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारण लाइन निर्माण गरिएको हो।

आयोजनाको समग्र भौतिक प्रगति ८१ प्रतिशत छ। त्यसमध्ये प्रसारण लाइन र सबस्टेसनको निर्माण प्रगति क्रमश : ७१ र ७० प्रतिशत छ। प्रसारण लाइन र सबस्टेसनको निर्माण आगामी चैतभित्र सक्ने लक्ष्य छ। प्रसारण लाइन निर्माणमा करिब तीन सय, चिलिमे हब सबस्टेसनमा ९० र त्रिशूली थ्री बी हबमा एक सय ६० श्रमिक परिचालित छन्।

कार्यकारी निर्देशक घिसिङले श्रमिकको सङ्ख्या थपेर टावरको जग हाल्ने, खडा गर्ने, तार तान्ने, सबस्टेसनका उपकरण जडान गर्ने लगायतका काम समानान्तर रूपमा अगाडि बढाउन निर्देशन दिनुभयो। दुवै सबस्टेसनमा रहने पावर ट्रान्सफर्मर, जिआइएस लगायतका महत्वपूर्ण उपकरण आयोजनास्थलमा ल्याइसकिएको छ।

यता प्रसारण लाइनका टावर, कन्डक्टरलगायत सम्पूर्ण उपकरण निर्माणस्थलमा आपूर्ति भइसकेको छ। अहिले सबस्टेसनमा उपकरण जडान र बाँकी रहेका सिभिल संरचना निर्माण भइरहेको छ। कूल २८ किलोमिटर प्रसारण लाइनमा पर्ने ७९ टावरमध्ये ४४ वटाको जग हालिएको छ। १३ टावरको आंशिक जग हालिएको छ भने १५ टावरको जग हाल्न खन्ने तथा ढलानको काम भइरहेको छ।

यस्तै २९ वटा टावर खडा गरिएको छ। खडा गरिएका टावरमा तार तान्न मुख्य ठेकेदारले सहायक ठेकेदारसँग सम्झौता गरिसकेको छ। तार तान्ने काम छिट्टै सुरु हुनेछ। तत्काल १० किलोमिटर तार तान्न सकिन्छ। आयोजनाको ठेकेदार चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजले अहिले निर्माणमा तीव्रता दिइएको उल्लेख गर्दै चैतभित्र सम्पन्न गर्ने लक्ष्य राखी काम भइरहेको जनाएको छ। प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि पिङगाओसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौता २०७४ को पुसमा कार्यान्वयनमा आएको थियो। रासस

# कालीगण्डकी करिडोर आधाभन्दा कम सम्पन्न



काठमाण्डु । आयोजना सम्पन्न गर्ने लक्षित समय दुई वर्ष बाँकी हुँदा कालीगण्डकी करिडोर आधाभन्दा कम मात्रै सकिएको छ।

राष्ट्रिय गौरवको सो सडक आयोजना भौगोलिक विकटता, वन क्षेत्रको प्रक्रियागत झन्झट, बजेट अपर्याप्तता, निर्माण व्यवसायीको ढिलाइलगायतका कारण अपेक्षाकृत प्रगति हुन नसकेको हो। आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य लिइएकोमा हालको गतिमा काम गर्दा सो अवधि नसकिने देखिएको योजना कार्यालय र आयोजना निर्देशनालयले जनाएका छन्।

गैँडाकोटदेखि माथि राम्दीसम्मको खण्डमा वन क्षेत्रका कारण निर्माणाधीन भए पनि अरु खण्डमा सम्पन्न भइसकेको आयोजना प्रमुख श्यामबहादुर खड्काले बताउनुभयो। सो खण्ड ऋण सहयोगमा सडक निर्माण भएको हो। वन क्षेत्रको समस्याका कारण अवरुद्ध सडक हालका लागि कम चौडाइमा कालोपत्र हुने र चौडाइ उपलब्ध भए पनि राजमार्गको स्तरमा निर्माण गरिने योजना रहेको छ। हाल सात मिटर चौडाइ पाइने हुँदा त्यतिमै अघि बढाइने गरी तयारी भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "रुख कटानका लागि प्रक्रिया अघि बढिरहेको छ र त्यो सकिएपछि अरुतिर जतिकै चौडाइमा कालोपत्र गरिनेछ।'

गैँडाकोटबाट राम्दीसम्म एक सय १६ किमी लम्बाइको खण्ड तल्लो क्षेत्रमा कालोपत्र भइसकेको र माथि २९ किमी मालढुङ्गाबाट जोमसोमसम्मको खण्डमा कालोपत्र भइसकेको आयोजनाले जनाएको छ। राम्दीबाट मालढुङ्गासम्मको खण्डमा सडक निर्माणका लागि सम्झौता भइसकेको र निर्माण कम्पनीले काम सुरु गरिसकेको आयोजना प्रमुख खड्काले बताउनुभयो।

मालढुङ्गा-बेनी र बेनी-जोमसोम खण्डमा कालोपत्र गर्न आवश्यक तयारी काम गरिरहेको उहाँले बताउनुभयो। कागबेनीबाट कोरलासम्मको सडकखण्डमा ग्राभेलको काम भइसकेर कालोपत्र गर्न बाँकी छ। माथिल्लो क्षेत्रमा हिउँ परिरहने र गत वर्षहरुमा कोभिडका कारण चीनतर्फको सीमा वनद रहेकाले पनि थप काम हुनसकेको थिएन।

कागबेनी-कोरला खण्डमा पानी नपर्ने हुँदा ग्राभलले पनि सडक राम्रो अवस्थामा रहेको उहाँले बताउनुभयो। सवारी साधन सजिलै आवतजावत गरिरहेको भए पनि त्यस क्षेत्रमा कालोपत्रका लागि पनि तयारी भइरहेको छ। झण्डै ८० किमी लम्बाइको खण्डमा पहिले नै डिजाइन भइसकेकाले अब निर्माण अघि बढाउन लागिएको छ। उहाँले भन्नुभयो, "स्रोत सुनिश्चितता भएपछि कालोपत्रका लागि ठेक्का अघि बढाइनेछ।'

जोमसोमबाट कागबेनीसम्मको खण्डमा सबै ठेक्का भइसकेको र निर्माण कम्पनीले सरासर काम गरेमा अबको एक डेढ वर्षमा सकिने प्रमुख खड्काले बताउनुभयो। कागबेनीबाट माथि चालु आवमा ठेक्का लगाइसकियो भने अबको दुई साढे दुई वर्षमा निर्माण सकिने देखिएको उहाँले बताउनुभयो।

सडक निर्माणमा ढिलाइ गर्ने निर्माण व्यवसायीलाई सचेत गराएर काम भइरहेको आयोजना प्रमुख खड्काले बताउनुभयो। कालीगण्डकी करिडोरको जोमसोम खण्डमा निर्माण कम्पनीले बीचमा निर्माण रोकेको भए पनि अहिले पत्राचार गरेपछि गति बढाएको उहाँले बताउनुभयो। सुरुआतमा काममा ढिलाइ भए पनि समय समयमा झकझकाएर पत्रिकामा सूचना निकाल्ने गरेपछि अहिले गति बढेको उहाँले बताउनुभयो।

कालीगण्डकी करिडोरको विभिन्न खण्डमा बर्सेनि वर्षाको समयमा पहिरोका कारण सडक क्षतिग्रस्त हुने गरेको छ। काभ्रेभिर र रुप्से झरना खण्डमा वर्षाको समयमा बढी क्षति हुने गरेको आयोजनाले जनाएको छ।

राष्ट्रिय गौरबका तीन करिडोर एकसाथ अघि बढाइहँदा अरु दुई करिडोरभन्दा कालीगण्डकी करिडोरमा प्रगति बढी रहेको छ। कोसी करिडोर र कर्णाली दुवैमा ट्र्याक खोल्न बाँकी रहेकामा यो करिडोरमा केही वर्ष पहिले नै सबै ट्र्याक खुलिसकेको छ। सडक कालोपत्रको हिसाबले पनि कालीगण्डकी अरुभन्दा अघि रहेको छ। कोसी करिडोरका केही खण्डमा कालोपत्र सुरु भए पनि कर्णाली करिडोरमा अझै कालोपत्र सुरु भइसकेको छैन।

चालु आवमा जम्मा ४९ किमी सडक कालोपत्र गर्ने लक्ष्य रहेकामा अहिलेसम्म १० किमी सकिएको गैँडाकोट मालढुङ्गा सडक योजनाले जनाएको छ। कालोपत्र गर्ने सिजन सुरु भएकाले चालु आवमा लक्ष्यअनुसार गर्न सकिने योजना प्रमुख शङ्कर पौडेलले बताउनुभयो।

आयोजना नै सम्पन्न गर्न दुई आव बाँकी रहेकामा त्यतिमा नसकिने अवस्था रहेको प्रमुख पौडेलले बताउनुभयो। अझै पनि ३० किमी सडकमा कालोपत्रका लागि ठेक्का व्यवस्थापन गर्न बाँकी रहेको छ।

गैँडाकोटबाट राम्दीसम्मको खण्डमा पहिरोको समस्या रहेको प्रमुख पौडेलले बताउनुभयो। गैँडाकोट क्षेत्रमा वन काटेर सडक निर्माण गर्नुपर्ने छ। उहाँले भन्नुभयो, "यो खण्डमा झण्डै १५ किमी कालोपत्र बाँकी रहेको छ।' कालीगण्डकी करिडोरको किनारैकिनार निर्माण भएको करिडोर नवलपुरको गैँडाकोटबाट सुरु भएर अन्तिम मुस्ताङको कोरलासम्म रहेको छ। करिडोरले जम्मा समेट्ने आठ जिल्लामा नवलपुर, पाल्पा, गुल्मी, पर्वत, स्याङ्जा, म्याग्दी र मुस्ताङ रहेको छ। करिडोरले गण्डकी र लुम्बिनी गरी दुई प्रदेश समेटेको छ।रासस

# जगाको वर्गीकरण छिटो होस् : भूमि व्यवस्था मन्त्रालय

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले स्थानीय तहलाई जग्गाको वर्गीकरण यथाशक्य छिटो गर्न सुझाव दिएको छ।

स्थानीय तहले जग्गाको वर्गीकरण नगरेका कारण जग्गा बेचबिखनलगायतका कारोबार र हक हस्तान्तरण हुन नसकिरहेका बेला मन्त्रालयले यस्तो अनुरोध गरेको हो। मन्त्रालयका सचिव डा दामोदर रेग्मीले जग्गाको वर्गीकरण छिटो भएमा विकासको योजनाबद्ध प्रक्रिया र जनताले भोगिरहेका समस्या समाधान गर्न महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो।

मन्त्रालयले मालपोत र नापी कार्यालयमार्फत स्थानीय तहलाई जग्गाको वर्गीकरणका लागि प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ। उहाँले भन्नुभयो, "स्थानीय तहले सकेसम्म चाँडो जग्गाको वर्गीकरण गरिदिए भूमिसम्बन्धी आएका धेरै समस्या र गुनासा समाधन हुनेछ, प्राविधिक पक्षमा सहयोग पुऱ्याउन मातहतका नापी र मालपोत कार्यालयलाई निर्देशन भइसकेको छ।"

भूमिलाई समयमै योजनाबद्ध ढङ्गबाट अघि बनाउन नसकिएका कारण भौतिक पूर्वाधारका संरचना र सडक अव्यवस्थित हुनका साथै खेतीयोग्य जमिन नष्ट भएको मन्त्रालयको भनाइ छ।

देशका उर्वरभूमिमा अन्न र तरकारीको साटो भकाभक कङ्क्रिटका घर उम्रन थालेपछि सरकारले त्यसलाई न्यूनीकरण गर्न विसं २०७२ मा भू-उपयोग नीति र विसं २०७६ भू-उपयोग ऐन ल्याएको हो।

कृषियोग्य जग्गाको संरक्षण गर्न, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूति, दिगो पूर्वाधार विकास, व्यवस्थित सहरीकण, सुरक्षित आवास, प्राकृतिक स्रोत सधानको समुचित व्यवस्थापन, विपद् जोखिम न्यूनीकरणलगायतका उद्देश्य राखेर सरकारले भू-उपयोग नीति, २०७२ जारी गरेको हो।

सरकारले ती नीति र ऐनका आधारमा विसं २०७९ जेठ २३ गते भूमिसम्बन्धी नियमावली जारी गरी जग्गालाई कृषि, खनिज, औद्योगिक, वनलगायत १० किसिमले वर्गीकरण गरेको छ। नियमावलीको मूल आशय भनेको वर्गीकरण गरिएको आधारमा व्यवसाय गर्ने र त्यसैका आधारमा जग्गा पास गर्ने उद्देश्य हो। जग्गाको खण्डीकरण गर्दा कृषियोग्य जमिनमा खेतीपाती र अन्य क्षेत्रलाई संरक्षण गर्न ऐन ल्याइएको छ।

मुलुक सङ्घीय लोकतान्त्रिक शासन प्रणालीमा प्रवेश गरेपछि भूमिको विषय स्थानीय तहको क्षेत्राधिकारभित्र परेको छ। मन्त्रालयले सरकारले नीति-नियम बनाउने तथा त्यसको कार्यान्वयन भए-नभएको अनुगमन गर्ने, उठेको राजस्व स्थानीय तह र प्रदेशमा पठाउने कार्यमा सहजीकरण गर्दै आएको छ।

जग्गाको वर्गीकरण गरेको स्थानीय तहमा कित्ताकाटसम्बन्धी समस्या नरहेको बताउँदै सचिव रेग्मीले भन्नुभयो, "वर्गीकरण नहुँदासम्म कित्ताकाट हुँदैन, त्यसैले मन्त्रालयले सबै स्थानीय तहलाई यथाशीघ्र जग्गाको वर्गीकरण गर्न अनुरोध गरेको हो।"

नापी विभागले सात सय ५३ वटै स्थानीय तहको भू-उयोगको नक्सा, सोको विद्युतीय अभिलेख, तथ्याङ्क तयार गरी स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ। स्थानीय तहले सो नक्सा प्रयोग वा अद्यावधिक गरी भू-उपयोगको क्षेत्र छुट्याउन सक्ने मन्त्रालयले जनाएको छ। कित्ताकाट नहुँदा लामो समयदेखि टुऋ्याएर जग्गाको बिक्री वितरण तथा अंशबण्डालगातका हक हस्तान्तणको कार्यसमेत रोकिँदै आएको छ।

मुलुकका एक सयभन्दा बढी स्थानीय तहले भने जग्गाको समयमै वर्गीकरण गरेका कारण त्यस्ता पालिकामा भने कित्ताकाटको समस्या नरहेको मन्त्रालयको दाबी छ।रासस

# छ्यहत्तर दशमलव ६४ अङ्कले बढ्यो नेप्से

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अङ्कले बृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ७६ दशमलव ६४ अङ्कले उकालो लागेर दुई हजार एक सय ७७ दशमलव ३४ मा पुगको छ।



ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १२ दशमलव ७२ अङ्कले बढेर चार सय १४ दशमलव ८७ मा पुगेको छ। यस्तै, कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा बृद्धि भएको छ। कारोबार भएका कूल दुई सय १५ कम्पनीको शेयर मूल्यमा बृद्धि हुँदा एउटा मात्रै कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएन।

विभिन्न कम्पनीका कूल ९३ लाख ३३ हजार सात सय ८८ कित्ता शेयर रू तीन अर्ब ३६ करोड २२ लाख ६७ हजार ७८ मूल्यमा कारोबार भएको छ। मंगलबारको कारोबारपछि बजार पुँजीकरण रू ३१ खर्ब ४२ अर्ब दुई करोड ३२ लाख ४४ हजार एक सय ८६ पुगेको छ।

कारोबार रकमका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा रहेको छ। बैंकको शेयर रू १२ करोड ९२ लाख ४२ हजार सात सय २६ मा कारोबार भएको छ। यस्तै, न्यादी ग्रुप पावर रू ११ करोड तीन लाख ७० हजार पाँच सय ४४, अपि पावर कम्पनी रू नौ करोड ३९ लाख ९९ हजार आठ सय ३४ र हिमालयन डिस्टिलरी रू छ करोड ६४ लाख ७२ हजार एक सय ७२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार बरुण हाइड्रोपावर, खानीखोला हाइड्रोपावर, राधी विद्युत् कम्पनी, आर्दश लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतको बृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, रिडी पावर कम्पनीको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले घटेको छ।

यस्तै, आइसिएफसी फाइनान्स कम्पनीको ऋणपत्र पाँच दशमलव ९०, एभेष्ट बैंकको ऋणपत्र एक दशमलव ९५,एनआइबिएल प्रगति फण्ड एक दशमलव ६९, नेपाल एसबिआई बैंकको ऋणपत्र एक दशमलव ५८ र लक्ष्मी बैंकको ऋणपत्रको मूल्य एक दशमलव २९ प्रतिशतले घटेको छ। रासस

# भृकुटीमण्डपमा क्यान इन्फोटेक सुरु




काठमाण्डु । 'इन्फोडेभलपर्स क्यान इन्फोटेक- २०२३' प्रदर्शनी मंगलबारदेखि भृकुटीमण्डपमा सुरु भएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले उक्त प्रदर्शनी मंगलबार यहाँ उद्घाटन गर्नुभएको हो।

सूचना तथा सञ्चार प्रविधि क्षेत्रका विभिन्न उत्पादन र सेवाबारे जानकारी दिने उद्देश्यले आयोजित प्रदर्शनी माघ २९ गतेसम्म चल्नेछ। प्रदर्शनीमा सूचना तथा प्रविधि क्षेत्रका हार्डवेयर, सफ्टवेयर, इन्टरनेट सेवा प्रदायक, मोबाइल तथा मोबाइल एक्सेसरिजलगायत कम्पनीका दुई सयभन्दा बढी स्टल राखिएका छन्।

माघ २५ देखि २८ गतेसम्म हरेक दिन आइसिटी सेमिनार सञ्चालन गरिने पनि आयोजक क्यान महासङ्घले जनाएको छ।

क्यान इन्फोटेकमा विभिन्न प्रविधिका वस्तु तथा सेवाको ब्रान्डिङ, प्रडक्ट लन्चिङ, विद्यार्थीका लागि आइटी करियर काउन्सिलिङलगायत कार्यक्रम समावेश गरिएको छ। यसपटकको प्रदर्शनीमा नेपाली इनोभेसन, प्रतिभा र स्टार्टअपलाई प्राथमिकतामा राखिएको र करिब साढे तीन लाखजनाले प्रदर्शनी अवलोकन गर्ने अपेक्षा गरिएको छ। रासस

# जनमत नयाँ शक्तिको रुपमा उदाउँदै: सिके राउत



**टुडे समाचारदाता**

वीरगञ्ज । जनमत पार्टीका केन्द्रीय अध्यक्ष एवं सांसद सिके राउतले आफ्नो पार्टी मधेशमा नयाँ शक्तिको रुपमा उदाएको र आगामी दिनमा संगठनलाई अझ सशक्त रुपमा अगाडि बढाइने बताएका छन् ।

वीरगञ्जमा आयोजित वृहत् कार्यकर्ता भेटघाट तथा पार्टी प्रवेश कार्यक्रममा उनले पर्सा जिल्लामा विगतमा संगठन कमजोर रहे पनि अब संगठनलाई नयाँ उचाइमा पुऱ्याउने बताए ।

मधेशका मुद्दाहरूलाई मधेशवादी राजनीतिक दलले सत्तामा पुग्ने भऱ्याङ बनाएका कारण आज मधेशी जनताले ती दलहरूलाई ठेगान लगाएको बताउँदै आफ्नो पार्टीले मधेशका मुद्दाहरू कहिल्यै नछोड्ने धारणा राखेका थिए ।

कार्यक्रममा नारायणी अस्पतालका पूर्व सुपरिटेन्डेन्ट तथा रेडियोलोजिष्ट डा.शिवशंकर यादव, अधिवक्ता हरिहर साह, जनता समाजवादी पार्टीका युवा नेता मुकेश दिवेद्वी, रेडियो समग्र मधेशका प्रबन्ध निर्देशक श्याम गुप्ता, लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय सदस्य जटाशंकर साहलगायत सयौंको संख्यामा विभिन्न पार्टी परित्याग गरी जनमत पाटीमा प्रवेश गर्नेहरूलाई केन्द्रीय अध्यक्ष राउतले फूलमाला तथा अबिर लगाई गम्छा ओढाएर सम्मान गरेका थिए ।

# संघीयताको मर्म अनुरुप शासनप्रणाली संचालन भएन

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीयताको मर्म अनुरुप शासन प्रणाली सञ्चालन नभएको कारण अस्थिरता कायमै रहेको धारणा व्यक्त गरिएको छ ।

नेपाल बौद्धिक प्रतिष्ठानद्वारा मंगलबार जनकपुरधाममा आयोजित संघीयता कार्यान्वयनको पाँच वर्ष,अवस्था विश्लेषण गोष्ठीका सहभागीहरुले सो धारणा व्यक्त गरेका छन् ।

शासन प्रणालीमा राज्यबाट उपेक्षित वर्गको उत्थानका लागि संघीयताको स्थापना भए पनि अधिकार भने अझै पनि केन्द्रमै सीमित रहेको वक्ताहरुले बताए ।

प्रदेश र स्थानीयतहमा उपेक्षित वर्गको पहुँच सत्तासम्म पुऱ्याउनका लागि संघीयताको स्थापना भए पनि कार्यान्वयन पक्ष फितलो भएका कारणले संघीयताको उद्देश्य पूरा हुननसकेको सहभागीहरुले विचार व्यक्त गरे ।



कार्यक्रममा नीति आयोगका पूर्व उपाध्यक्ष हरिवंश झाले अहिले प्रदेश सरकार भन्दा माथि उठेर सिडियो र एसपीहरुले शासन गरिरहेको छ, सिडियो एसपी समक्ष मुख्यमन्त्रीले गिरगिराउनु परेको विडम्बनापूर्ण अवस्था रहेकोले संघीयतामाथि प्रश्न चिन्ह लागेको बताए ।

विष्णु कुँवरको अध्यक्षतामा भएको सो कार्यक्रममा सेवा निवृत कर्मचारी काशिकान्त झाले संघीयता आए पछि केन्द्रित शासनबाट पीडित रहेको अवस्थामा केही परिवर्तन आए पनि संघीयता संस्थागत भने हुन नसकेको धारणा राखे ।

संघीयता समर्थक दलहरुले शिशु अवस्थामा रहेको संघीयतालाई पोषण गर्नुको साटो जसले जहाँ पायो त्यहिँबाट लाभ लिनेतर्फ उद्यत हुँदा संघीयताप्रति सर्वसाधारणमा टीकाटिप्पणी हुने गरेको उनले बताए ।

कार्यक्रममा पूर्व सचिव कुशेश्वर झाले संघीयता आएपछिको संविधानबाट प्राप्त अधिकारकै कारण १० हजार भन्दा बढी मधेशीलगायतका पिछडिएका वर्गबाट नेपाल सरकारमा जागिरे भएको सकारात्मक परिणाम समेत देखिएको बताए ।

उनले केही सकारात्मक कार्यहरु भएको र संघीयता अपरिहार्य रहेको बताउँदै दलित,जनजातिलगायतका वर्गहरुको जबसम्म सत्ता शासनमा पहुँच हुँदैन तबसम्म संघीयताको अनुभूति गर्न नसकिने प्रस्ट गरे ।

कार्यक्रममा महिला नेतृ विभा ठाकुरले सयौं व्यक्तिको संघर्ष र दर्जनौ व्यक्तिको शहादतले प्राप्त संघीयतालाई जीवन्त राख्नु आवश्यक छ बताइन् ।

कार्यक्रममा प्राध्यापक कमलेश्वर ठाकुर,वीरेन्द्र लाल कर्ण,कुशेश्वर झा,प्राध्यापक शम्भुनाथ झा,गीतारानी झा,किरण कुमारी साह,अधिवक्ता रेखा झा ,प्राध्यापक कञ्चन झा ,समाजसेवी अरविन्द साहलगायतका वक्ताहरुले आ-आफ्नो मन्तव्य राखेका थिए ।

# बिरामी उपचारमा समस्या

**राजन झा**

जनकपुरधाम । आधारभूत स्वास्थ्य केन्द्र जनकपुरधाम उपमहानगरपालिका-२३ मा भवन अभावले गर्दा उपचारमा समस्या भएको छ। हाल सो केन्द्र वडा कार्यालयसंगै रहेको एउटै कोठामा सञ्चालन हुँदै आएको छ।

बिरामीको चेकजाँचदेखि लिएर औषधि उपचारको लागि एउटा मात्रै कोठा हुँदा महिलाहरुको चेकजाँच गर्ने बेला पुरुष स्वास्थ्यकर्मीहरुलाई कोठा बाहिर जानुपर्ने स्थिति रहेको छ।

सात जना स्वास्थ्यकर्मीहरुको लागि बस्ने ठाउँ समेत नरहेको र वार्ड कार्यालयको कार्य सम्पादनमा समस्या हुने गरेको वडा अध्यक्ष राघवेन्द्र साहले बताए।

अर्कोतर्फ उपमहानगरपालिकाकै ३५ लाख बजेटमा चार धुर जग्गामा स्वास्थ्यकेन्द्रको लागि निर्माणाधीन भवन ठेकेदारको लापरबाहीको कारण विगत एक वर्षदेखि अलपत्र परेको छ। सो भवन



निर्माण भएपछि केही हदसम्म समस्या समाधान हुने देखिए पनि निर्माण कार्य सम्पन्न गर्न ढिलाइ भइरहेको वडा अध्यक्ष साहले जानकारी दिए।

स्वास्थ्य केन्द्रको दुई कोठे भवन निर्माण सम्पन्न गर्ने समयसीमा सकिएको पनि लामो समय वितिसकेको छ तर भवन हस्तान्तरण नहुँदा स्वास्थ्य केन्द्र सञ्चालनमा समस्या भइरहेको छ।

भवन निर्माण सम्पन्न गर्नका लागि उपमहानगरपालिकामा पटक-पटक सम्पर्क गर्दा पनि कुनै सुनुवाई नभएको वडा अध्यक्ष साहले बताए । पाठेघरको क्यान्सरको चेकजाँचलगायतको सेवा प्रवाह हुँदै आएकोले अन्य वार्डको स्वास्थ्य केन्द्र भन्दा बिन्धीस्थित केन्द्रमा उपचार गराउने बिरामीको चाप बढी हुने गरेको केन्द्रका कर्मचारी बताउँछन्।

हजारौं बिरामीहरुको लागि उपचारको केन्द्रमा कोठा अभावकै कारण कतिपय बिरामीहरु उपचारबाटसमेत वञ्चित हुने गरेको स्थानीयवासी रघुबीर साहले बताए।

झाडा पखालासहितका रोगले पीडित व्यक्तिहरुलाई स्लाईनिंग गर्नुपर्दा बिरामीलाई आराम गर्नसमेत ठाउँ नहुँदा थुप्रै बिरामीहरु घर पायक ठाउँमै केन्द्र हुँदा पनि बाहिर जान बाध्य बन्ने गरेको उनले जनाए।

यता जनकपुरधाम उपमहानगरपालिकाका योजना शाखाका कर्मचारीका अनुसार ठेकेदारको लापरबाहीका कारण भवन निर्माणमा ढिलाइ भएको बताएका छन्।

भवन निर्माणको जिम्मा लिएका रामजानकी निर्माण कम्पनीका प्रमुख शम्भु ठाकुरले भवनको सबै काम सम्पन्न भइसकेको र चापाकल तथा भवनमा विद्युत लगायतको काम मात्रै बाँकी रहेको र एक महिना भित्रै भवन निर्माण कार्य सम्पन्न हुने बताए।

# टास्क फोर्स गठन

**टुडे समाचारदाता**

जनकपुरधाम। धार्मिक तथा सामाजिक सद्भाव खलबल्याउने किसिमका गतिविधि हुन नदिन विभिन्न धर्मका गुरुहरूबीच सद्भाव बैठक सम्पन्न भएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको कार्यकक्षमा विभिन्न धर्मका गुरु तथा संघसंस्था एवं सुरक्षा निकायको सहभागितामा भएको बैठकबाट सद्भाव बिग्रिन नदिनका लागि राष्ट्रिय अनुसन्धान विभागका उप अनुसन्धान निर्देशक दीपक खड्काको संयोजकत्वमा टास्क फोर्स गठन गर्ने निर्णय गरिएको छ।

विभिन्न चाडपर्व तथा अवसरमा सामाजिक सद्भाव बिगार्ने तत्व सक्रिय हुने भएकाले त्यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा सूचना संकलनदेखि प्रभावकारी



नियन्त्रणका लागि सो टास्क फोर्सले काम गर्ने छ।

केही महिना अगाडि महोत्तरीको बगडामा भएको घटनाको विषयमा पनि समीक्षा पनि बैठकमा गरिएको थियो।

बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारी, नेपाली सेनाका प्रमुख सेनानी सुरेश देवकोटा, प्रहरी उपरीक्षक विश्वराज खड्का, सशस्त्र प्रहरी उपरीक्षक दिनेश मल्ल, राष्ट्रिय अनुसन्धान विभागका उप अनुसन्धान निर्देशक दीपक खड्कालगायतले सामाजिक सद्भाव कायम राख्न सबैको सहयोग र साथ आवश्यक भएको बताएका थिए।

# दुई टीमको सेमिफाइनल यात्रा तय

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा जारी अण्डर-१६ क्रिकेट प्रतियोगितामा एरे इन्टरनेशनल स्कुल र गोपाल प्रसाद स्कुल क्रिकेट टीम सेमिफाइनलको लागि आफ्नो सिट सुरक्षित गरेका छन् ।

मंगलबार भएको क्वाटर फाइनल खेलमा जितेसँगै यी दुबै टीमले सेमिफाइनलको यात्रा तय गरेको हो ।

मंगलबार भएको पहिलो खेलमा एरे स्कुलको टीमले ५५ रनले मदरटेरेसा स्कुललाई पराजित गरेका छन् ।

टस जितेर एरेको टीम पहिला ब्याटिङ रोजेका थिए । एरेका खेलाडीहरुका १६ ओभरमा सबै विकेट गुमाएर एक सय ३१ रन बनाएका थिए ।

ऐरेका लागि सोहिल राइनले सात चौका, तीन छक्काको मद्दतले ३८ बलमा ६३ रनको योगदान दिए भने अर्को खेलाडी प्रिन्स रायले १८ रन बनाएका थिए ।

मदरटेरेसाका लागि बलिङ गर्दै करणले तीन र सोम्या यादवले दुई विकेट लिए ।

एक सय ३२ रनको लक्ष्य पाएका मदरटेरेसाले जवाफी ब्याटिङमा १३ ओभर दुई बलमा सबै विकेट गुमाएर मात्र ७६ रन बनाएका थिए ।

मदरटेरेसाका लागि अभिषेकले २९ बलमा २९ रन बनाएका थिए । मदरटेरेसाका अन्य ब्याटस म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

ऐरेको तर्फबाट बलिङ गर्दै आदित्य चार, सोहिल र गौरभले दुई/दुई विकेट लिएका थिए ।




यस खेलको म्यान अफ दि म्याच ऐरेका सोहिल राइन घोषित भएका थिए।

यस्तै, दोस्रो खेलमा गोपाल प्रसाद स्कुलले सिद्धार्थ शिशु सदनलाई आठ विकेटले पराजित गरेको छ । टस जितेर सिद्धार्थ पहिला ब्याटिङ गरेका थिए । सिद्धार्थका खेलाडीहरु १२ ओभर २ बलमा अलआउट हुँदै ६४ रन मात्रै बनाउन सकेका थिए। सिद्धार्थ स्कुल टीमको लागि मुकेशले २२ र रविले १२ रन बनाएका थिए। गोपाल प्रसाद टीमको लागि बलिङ गर्दै प्रसान्त झाले चार विकेट, रक्की र विमलेशले दुई/दुई विकेट लिएका थिए।

६५ रनको लक्ष्य पच्छियाएका गोपाल टीमले सजिलै लक्ष्य पूरा गरेका थिए । आठ ओभर दुइ बलमै दुई विकेट गुमाएर खेल जितेका थिए।

गोपालको लागि सुरजले २६ र किशनले २४ रनको योगदान दिए । सिद्धार्थको लागि बलिङ गरेका रवि र रोसनले एक/एक विकेट लिएका थिए । यस खेलको म्यान अफ दि म्याच ऐरेका खेलाडी प्रशान्त झा घोषित भएका थिए।

# बालिका अपहरण तथा हत्याका दोषी साहलाई जन्मकैद

**टुडे समाचारदाता**

जलेश्वर । बर्दिवास नगरपालिका- १४ सुगमबस्तीका सादिम आलकी ६ वर्षीया छोरी गुवालसा खातुनको हत्या प्रकरणमा जिल्ला अदालत महोत्तरीले दोषीलाई जन्मकैदको फैसला सुनाएको छ।

जिल्ला अदालत बालिका हत्यामा दोषी ठहर भएका महोत्तरीले बर्दिवास- १४ सुगमबस्तीमै घर रहेका अरुणकुमार साहलाई जन्मकैदको फैसला सुनाएको छ।

फैसलामा उनलाई आजीवन काराबासमा राख्न भनिएको छ । अदालतले पीडितलाई एक लाख क्षतिपूर्तिसमेत दिन आदेश दिएको छ।

महोत्तरी जिल्ला अदालतका श्रेस्तेदार मदनप्रसाद जयसवालले सोमबार सो फैसला भएको जानकारी दिए ।

न्यायाधीश रामचन्द्र खड्काको इजलासले सो फैसला गरेको हो । साहमाथि अपहरण, जबर्जस्ती करणी र कर्तव्य ज्यानको मुद्दा लगाइएको छ ।



**के थियो घटना ?**

०७७ साल मंसिर ७ गते आइतबार साझ बर्दिवास १४ सुगमबस्ती बस्ने सादिम आलमकी ६ वर्षीया छोरी गुलाव साह खातुन घर अगाडिबाटै हराएकी थिइन्।

उनको शव सोमबार मध्यरातमा भेटिएको थियो। सोही बेला दोषीलाई प्रहरीले उम्काउन खोजेको भन्दै बर्दिवासका स्थानीयले आन्दोलन चर्काएका थिए।

आन्दोलन नियन्त्रणमा लिन प्रहरीले दर्जनौं राउन्ड गोली चलाएको थियो। सोही क्रममा बर्दिवास- १ का संजय भन्ने बुद्धिराज न्यौपानेको प्रहरीको गोली लागेर मृत्यु भएको थियो। **बालिका हत्या दोषी**

**साहमाथि अर्को पनि कर्तव्य ज्यान मुद्दा**

आरोपि साहले लकडाउनकै समय गत वैशाख २८ गते गौशाला नगरपालिका वडा नं. ४ बिर्ताका ४४ वर्षीय काठको काम गर्ने मिस्त्री दिलित ठाकुरको हत्या आरोपमा पक्राउ परेका थिए।

उक्त हत्या आरोपमा साहलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दा चलाइएकोमा जिल्ला अदालत महोत्तरीबाट उनी एकलाख धरौटीमा छुटेका थिए।

तत्कालै उनले धरौटी रकम बुझाउन नसक्दा उनी केही दिन थुनामै बसेका थिए। उनीमाथि ढुंगाले किचेर ठाकुरको हत्या गरेको आरोप छ।

# सञ्चारको अवस्था विषयक अन्तरक्रिया



**राकेश यादव**

रौतहट । मिडिया काउन्सिल मधेश प्रदेश धनुषाको आयोजनामा सञ्चारको अवस्था र आचारसंहिता पालना बारे एक दिवसीय अन्तरक्रिया कार्यक्रम रौतहटमा सम्पन्न भएको छ।

रौतहटमा सञ्चालन रहेको संचारमाध्यमको अवस्था तथा कार्यरत संचारकर्मीहरुले पत्रकार आचारसंहिताको पालनाको विषयमा छलफल गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा सहभागीहरुले मधेश प्रदेशमा सञ्चारको अवस्था दयनीय रहेकोप्रति चिन्ता व्यक्त गरेका थिए।

मधेश प्रदेश सरकार सञ्चारको विकास तथा पत्रकारको सुरक्षा ,अधिकार तथा विकासप्रति गम्भीर नभएको चर्चा गर्दै पत्रकारिता पेशालाई मर्यादित स्वच्छ बनाउन पत्रकारहरुका लागि तयार पारिएको पत्रकार आचारसंहिताको पालना गर्नुपर्नेमा सबैले जोड दिए।

कार्यक्रममा काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शिव पूरी, केन्द्रीय सदस्य रिंकु मिश्रले पत्रकारितामा राजनीतिकरण हुनु नपर्ने बताए।

नेपाल पत्रकार महासंघ रौतहट शाखाको सभापति प्रेमचन्द्र झाको सभापतित्वमा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्णले नेपाल सरकारले चौथो अंगको रुपमा परिभाषित गरिएको सञ्चारको विकासमा विभेद गरेको आरोप लगाएका थिए भने काउंसिलका सदस्य बंदना झा , नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सदस्य शैलेन्द्र झा ,नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शैलेन्द्र गुप्ता , वरिष्ठ पत्रकार प्रभात कुमार झा , रौतहट उद्योग वाणिज्य संघका अध्यक्ष पंडित जयसवाल , प्रेस चौतरीका अध्यक्ष उत्तम उपाध्याय , समाजवादी प्रेस संगठनका अध्यक्ष दिनेश यादव , प्रेस सेन्टरका अध्यक्ष सुब्बा कार्कीलगायतले संचारको अवस्था र आचार संहिताको पालनाको बारेमा आ आफ्नो धरणा राखेका थिए।

# जिल्ला समिति गठन

**टुडे समाचारदाता**

राजविराज । जनता समाजबादी पार्टी नेपाल आबद्ध भातृ संगठन समाजवादी विद्यार्थी युनियन नेपाल सप्तरीको अध्यक्षमा संजय कुमार यादव चयन भएका छन् ।

राजविराजमा मंगलबार आयोजित एक भेलाले संगठन पुनर्गठन गर्दै पुनःयादवको अध्यक्षतामा २५ सदस्यीय जिल्ला समिति गठन गरेको छ।

गठित समितिको उपाध्यक्षहरुमा रंजित कुमार यादव, अनिल कुमार साह, दीपा कुमारी मंडल सचिवमा विकास कुमार मंडल सहसचिवमा बुधेश्वर कुमार पासवान, सुनिल कुमार मंडल, विकास कुमार यादव, रमण कुमार राम,



मुकेश कुमार साह, रमण कुमार यादव र कोषाध्यक्षमा सनिता कुमारी यादव चयन भएका छन् ।

यसैगरी,सदस्यहरुमा देबेन्द्र कुमार यादव, अनिल कुमार यादव, मो. जकौला, अजय कुमार यादव, प्रतीक्षा कुमारी यादव, मिथिलेश कुमार यादव, पुरुषोत्तम राय, नितिष मिश्र, संतोष कुमार पंडित, अरमान कौसर, दीपक कुमार यादव, विनय कुमार यादव, सरस्वती कुमारी मुखिया रहेका छन् ।

भेलामा समाजवादी विद्यार्थी युनियनका केन्द्रीय उपाध्यक्ष मनिष कुमार यादव, केन्द्रीय सचिव तारकेश्वर यादवलगायत विद्यार्थी नेताहरूको उपस्थित रहेको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८